# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड८) जनकपुरधाम, नेपाल, भदौ १७ गते, २०८१ साल (संख्या४)

## भाग २

## मधेश प्रदेश सरकार

## वन तथा वातवरण मन्त्रालय

## प्रदेश वन नियमावली,२०८१

प्रदेश वन ऐन, २०७७ को दफा ९९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमको नाम "प्रदेश वन नियमावली, २०८१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) "आवधिक योजना" भन्नाले जिल्लाभित्रको विभिन्न वन व्यवस्थापन पद्धतिको अवस्था र वन व्यवस्थापन गर्ने उद्देश्यले निश्चित अवधि (पाँच देखि दश वर्ष सम्म) को लागि वनको संरक्षण, संवर्द्धन तथा सदुपयोग सम्बन्धित कृयाकलापहरुको योजनालाई जनाउँछ।

(ख) "आयोजना" भन्नाले ऐनको दफा ८४ बमोजिमको आयोजना सम्झनु पर्छ।

(ग) "उपभोक्ता समूह" भन्नाले ऐनको दफा ६५ बमोजिम दर्ता भएको उपभोक्ता समूह सम्झनु पर्छ।

(घ) "उपभोक्ता समूहको कोष" भन्नाले ऐनको दफा ६७ बमोजिमको कोष सम्झनु पर्छ।

(ङ) "ऐन" भन्नाले प्रदेश वन ऐन, २०७७ सम्झनु पर्छ ।

(च) "काठ" भन्नाले दुई फिट वा सो भन्दा बढी लम्बाई र एक दशमलव पाँच फिट वा सो भन्दा बढी गोलाई भएको चिरानको रुपमा जान सक्ने गोलिया काठ सम्झनु पर्छ र सो शब्दले खयर प्रजातिको हकमा जतिसुकै आकार वा नापको काठलाई समेत जनाउँछ।

(छ) “कोष” भन्नाले ऐनको दफा ७९ बमोजिमको प्रदेश वन विकास कोष सम्झनु पर्छ ।

(ज) “जिल्ला वनपैदावार आपूर्ति समिति” भन्नाले ऐनको दफा ९४ बमोजिमको जिल्ला वनपैदावार आपूर्ति समिति सम्झनु पर्छ।

(झ) “दहत्तर बहत्तर” भन्नाले नदी वा खोलाले बगाई ल्याएको, किनारा लागेको, अडकेको वा डुबेको वा पुरिएको, टाँचा निशाना नलागेको वा मेटिएको काठ दाउरालाई जनाउँछ।

(झ) “विभाग” भन्नाले नेपाल सरकारको वन तथा भू-संरक्षण विभाग सम्झनु पर्छ।

(ञ) “दाउरा” भन्नाले दुई फिटभन्दा कम लम्बाई र एक दशमलव पाँच फिटभन्दा कम गोलाई भएको गोलिया काठ सम्झनुपर्छ र सो शब्दले एक दशमलव पाँच फिट भन्दा बढी गोलाई भएता पनि धोत्रो वा सडेको वा मक्किएको भई बल्लाबल्ली र चिरानको रुपमा जान नसक्ने खयर बाहेकको गोलिया काठलाई समेत जनाउँछ ।

(ट) “निर्देशनालय” भन्नाले मधेश प्रदेशको प्रदेश वन निर्देशनालय सम्झनु पर्छ ।

(ठ) “महानिर्देशक” भन्नाले वन तथा भू-संरक्षण विभागको महानिर्देशक सम्झनु पर्छ ।

(ड) “रणनीतिक योजना” भन्नाले वन, वन्यजन्तु, जैविक विविधता, जलाधार, सीमसार क्षेत्र र कार्बन सेवाको दीर्घकालीन संरक्षण, व्यवस्थापन तथा सदुपयोगको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, क्षेत्रगत मुख्य कार्यक्रमहरु, संस्थागत संरचना, स्रोत साधनको

व्यवस्था र अनुगमन प्रणाली सहित वन उपभोक्ता समूह, स्थानीय तह, प्रदेश र संघीय सरकारको अधिकार र जिम्मेवारीमा स्पष्टता ल्याउने गरी तर्जुमा गरिएको वन ऐन, २०७६ को दफा ११ को उपदफा (१) बमोजिमको रणनीतिक योजनालाई सम्झनु पर्छ।

(ढ) "रोयल्टी" भन्नाले वनपैदावार बिक्री र राष्ट्रिय वनक्षेत्र कबुलियती वनको रुपमा प्रयोग गरे वापत नेपाल सरकारलाई तिर्नुपर्ने रकम र वातावरणीय सेवा उपलब्ध गराए वापत सरकारलाई प्राप्त रकमलाई सम्झनु पर्छ । सो शब्ले वनपैदावार प्रयोग गरे वापत नेपाल सरकारलाई तिर्न, बुझाउनुपर्ने शुल्क, महसुल, दस्तुर र मूल्य समेतलाई जनाउँछ।

(ण) "वन व्यवस्थापन पद्धति" भन्नाले वनको व्यवस्थापकीय जिम्मेवारीको आधारमा वर्गीकरण गरिएको वन (प्रदेश सरकारद्धारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन र सार्वजनिक जग्गाको वन) व्यवस्थापन पद्धति जनाउँछ।

(त) "विधान" भन्नाले उपभोक्ता समूहको स्वीकृत विधानलाई सम्झनु पर्छ ।

(थ) "वन संवर्द्धन प्रणाली" भन्नाले ऐनको दफा २१(२) बमोजिम वन व्यवस्थापन गर्ने उद्देश्यले वनमा पुनरोत्पादन, संवर्द्धन र कटान (रिजेनेरेसन, टेन्डिङ्ग र फेलिङ्ग) सहित समावेश भएको कृयाकलापहरुलाई जनाउँछ ।

(द) “सङ्गठित संस्था” भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका वन उपभोक्ता समूह, संघ संस्था वा कम्पनी वा फर्म वा सहकारी संस्थालाई सम्झनुपर्छ र सो शब्दले नेपाल सरकार वा प्रदेश सरकारले ऐनको उद्देश्य हासिल गर्न वृक्षारोपण, वन उद्यम, वनपैदावारको आपूर्ति वा वन विकासका लागि स्थापना गरेका संस्थागत संरचना समेतलाई जनाउँछ।

## परिच्छेद–२

## प्रदेश भित्रको राष्ट्रिय वनको सीमा निर्धारण र अन्य व्यवस्था

**३. राष्ट्रिय वन क्षेत्रको भू-उपयोग परिवर्तन सम्बन्धी व्यवस्था:**

(१) राष्ट्रिय वनको कुनै पनि भागको वनक्षेत्रको भू-उपयोग परिवर्तन हुने गरी प्रयोग गरिने छैन। तर प्रदेश सरकारको सहमतिमा नेपाल सरकारको निर्णय बमोजिम कुनै प्राथमिकता प्राप्त आयोजनालाई उपलब्ध गराईएको वन क्षेत्रको हकमा यो व्यवस्था लागु हुने छैन।

(२) उपनियम (१) बमोजिम वन क्षेत्रको जग्गाको भू-उपयोग परिवर्तन गरिएको क्षेत्रफलमा नघट्ने गरी आयोजना प्रस्तावकले वृक्षारोपण वा प्राकृतिक पुनरोत्पादन कार्य गरी वन क्षेत्र कायम गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम भू-उपयोग परिवर्तनको स्वीकृति दिएको क्षेत्र जुन प्रयोजनको लागि स्वीकृति दिइएको हो सोही प्रयोजनको लागि मात्र उपयोग गर्नु पर्नेछ।

४. **राष्ट्रिय वन क्षेत्रको भोगाधिकार उपलब्ध गराउने सम्बन्धी व्यवस्थाः** राष्ट्रिय वनक्षेत्रको भोगाधिकार उपलब्ध गराउने सम्बन्धी ब्यवस्था वन सम्बन्धी प्रचलित संघीय कानुन बमोजिम हुनेछ ।

५. **राष्ट्रिय वनको सीमा निर्धारणः** (१) प्रदेश वन ऐन, २०७७ को दफा ५ बमोजिम डिभिजन वन कार्यालयले प्रदेशभित्रको राष्ट्रिय वनको सिमाना निर्धारण गरी सोको विवरण निर्देशनालय मार्फत मन्त्रालयमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सिमाना निर्धारण गरी सोको नक्सा सहितको विवरण प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशन गरी अभिलेख राख्नु पर्नेछ।

(३) निर्देशनालयले प्रदेश भित्रको राष्ट्रिय वनको समग्र सिमानाको नक्सा सहित अभिलेख अद्यावधिक राख्नु पर्नेछ।

६. **वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापनको लागि समिति गठनः** (१) जिल्लाको वन अतिक्रमण नियन्त्रणका लागि देहाय बमोजिमको समिति रहनेछ ।

क. प्रमुख जिल्ला अधिकारी -संयोजक

ख. जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिको कार्यालय -सदस्य

ग. प्रमुख, जिल्ला प्रहरी कार्यालय -सदस्य

घ. प्रमुख, सशस्त्र प्रहरी बल -सदस्य

ङ. प्रमुख, नापी कार्यालय -सदस्य

च. सम्बन्धित जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका जिल्लास्थित प्रतिनिधिहरु एक-एक जना -सदस्य

छ. डिभिजनल वन अधिकृत -सदस्य सचिव

(२) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रको वन अतिक्रमणको तथ्याङ्क अद्यावधिक गरी उपनियम (१) बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) अतिक्रमित वन क्षेत्र खाली गराई व्यवस्थापन गर्न वृक्षारोपण तथा प्राकृतिक पुनरोत्पादन प्रवर्द्धनका आवश्यक क्रियाकलाप गरी वनको पुनःस्थापना गरिनेछ।

(४) समितिले आवश्यकता अनुसार सरोकारवालाहरुलाई आमन्त्रित गर्न सक्नेछ ।

७. **वन क्षेत्रमा प्रवेश नियमन सम्बन्धी व्यवस्था:** ऐनको दफा २० प्रयोजनको लागि डिभिजनल वन अधिकृतले स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार वन संरक्षण र सम्बर्धन कार्यहरु गर्न र नेपाल सरकार वा प्रदेश सरकारबाट अनुमति प्राप्त आयोजना सञ्चालन गर्नका लागि निश्चित समयावधि र शर्तहरू तोकी सवारीसाधन तथा मानिसहरुको आवतजावतका लागि वन क्षेत्रमा प्रवेशको लागि अनुमति दिन सक्नेछ।

८. **वन क्षेत्रभित्र बसोबास वा पुनर्वास नगरिने:** रुख भएको वा नभएको कुनै पनि वनक्षेत्र बसोबास वा पुनर्वासको लागि प्रयोग गरिने छैन ।

९. **बसोबास वा पुनर्वास गरिएका जग्गाका रूख हटाउने सम्बन्धी व्यवस्थाः**

(१) बसोबास वा पुनर्वास गरिएका जग्गाका रूख हटाउनु परेमा डिभिजनल वन अधिकृतले जांचबुझ गरी त्यस्ता रूखहरूको जि.पि.एस. कोअर्डिनेट सहितको लगत, नम्बरिङ, मापन तथा मूल्याङ्कन गर्नु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले उपनियम (१) बमोजिमको मूल्याङ्कनका आधारमा हटाउनु पर्ने रुखहरुबाट प्राप्त हुने काठ दाउराको उत्पादन र बिक्रीवितरणको कार्ययोजना निर्देशनालयमा पेश गर्नु पर्नेछ। निर्देशनालयले उक्त कार्ययोजना उपर आफ्नो रायसाथ स्वीकृतिको लागि तीस दिनभित्रमा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको प्रतिवेदन र कार्ययोजनाको जाँचबुझ गर्दा बसोबास वा पुनर्बास गराइएको क्षेत्रमा रहेका रुखहरु हटाउन उपयुक्त र आवश्यक देखिएमा मन्त्रालयले रुख हटाउन सिफारिस सहित संघीय मन्त्रालयमा स्वीकृतिको लागि पठाउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम स्वीकृत कार्ययोजना कार्यान्वयनका लागि मन्त्रालयले निर्देशनालय मार्फत डिभिजन वन कार्यालयलाई निर्देशन दिनु पर्नेछ ।

(५) बसोबास वा पुनर्बास गराइएको क्षेत्रका रुख हटाउने र बिक्रीवितरण गर्ने कार्यको अनुगमन निर्देशकले गर्नु पर्नेछ ।

१०. **राष्ट्रिय वनक्षेत्र भित्रको सीमसार क्षेत्रमा पर्यापर्यटन सम्बन्धी व्यवस्थाः** (१) डिभिजनल वन अधिकृतले राष्ट्रिय वनक्षेत्र भित्रको महत्वपूर्ण सीमसार क्षेत्रहरुको दिगो संरक्षण, व्यवस्थापन र उपयोग गर्न रणनीतिक तथा आवधिक योजनाको आधारमा वातावरणमैत्री पर्यापर्यटन विकास कार्य सहितको सीमसार क्षेत्रको कार्ययोजना तयार गरी निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तयार भएको कार्ययोजनामा निर्देशनालयले आवश्यक संसोधन वा सुधार गर्नुपर्ने भए गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निर्देशनालयबाट पेश भएको कार्ययोजना मन्त्रालयले तीस दिनभित्रमा स्वीकृत गरी कार्यान्वयनको लागि निर्देशनालय मार्फत डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।

(४) उपभोक्ता समूहद्वारा व्यवस्थापन गरिएको वनक्षेत्र भित्र रहेका सिमसार र सोमा रहेका स्रोतहरुको सम्बन्धित उपभोक्ता समूहले उपनियम (२) बमोजिमको कार्ययोजनाको अधीनमा रही आफ्नो स्वीकृत वन कार्ययोजनामा समावेश गरी संरक्षण, व्यवस्थापन र सदुपयोग गर्नु पर्नेछ।

(५) राष्ट्रिय वनक्षेत्रको सिमसार क्षेत्रमा पर्यापर्यटन सञ्चालन सम्बन्धी कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

११. **अध्ययन अनुसन्धान क्षेत्र निर्धारण गर्न सक्नेः** (१) मन्त्रालयले वनस्पति अध्ययन अनुसन्धानको लागि प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय वनको कुनै क्षेत्रलाई वनस्पति उद्यान वा आर्वोरेटम क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) मन्त्रालयले राष्ट्रिय वनको कुनै क्षेत्रलाई वन अनुसन्धान वा तालिम सञ्चालन क्षेत्र निर्धारण गर्न सक्नेछ।

(३) मन्त्रालयले वन विकासको लागि गुणस्तरीय वन बीउ उत्पादन गर्न राष्ट्रिय वनको कुनै क्षेत्रलाई बीउ उत्पादन क्षेत्रको रुपमा निर्धारण गर्न सक्नेछ ।

१२. **<u>चिडियाखाना, प्राणी उद्यान र वनस्पति उद्यान स्थापना गर्न सकिनेः</u>** ऐनको दफा २८ अनुसार चिडियाखाना, प्राणी उद्यान र वनस्पति उद्यानको स्थापना र सञ्चालन प्रचलित कानुन बमोजिम हुनेछ।

१३. **<u>परियोजना सञ्चालन गर्नेः</u>** (१) वृक्षारोपण तथा वन विकास गरी वनपैदावारको उत्पादन, व्यवस्थापन, बिक्रीवितरण तथा सदुपयोग गर्नको लागि राष्ट्रिय वनको क्षेत्रमा प्रदेश सरकारले वन विकास परियोजना सञ्चालन गर्न सक्नेछ।

(२) वन विकास परियोजनाको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **<u>वन विकास सम्बन्धी व्यवस्थाः</u>** (१) वृक्षारोपण गरी वन विकास गर्न वन क्षेत्रभित्र तथा बाहिर मन्त्रालयले वृक्षारोपण आयोजना सञ्चालन गर्न सक्नेछ। डिभिजनल वन अधिकृतले वृक्षारोपण आयोजना वा सालवसाली वृक्षारोपण कार्यक्रम सञ्चालन गर्दा बिरुवा उत्पादन योजना, बिरुवा खपत योजना, वृक्षारोपण योजना तथा संरक्षण योजना तयार गरी कार्य गर्नु पर्नेछ। नर्सरी स्थापना, बिरुवा उत्पादन र वृक्षारोपण कार्य जग्गाको उपलब्धता र न्यून वन क्षेत्र भएका स्थानीय तहहरुलाई प्राथमिकतामा राखी सञ्चालन गर्नु पर्नेछ ।

(२) वन विकास तथा व्यवस्थापन सम्बन्धी नर्सरी निर्माण, वृक्षारोपण योजना अनुसार बिरुवा उत्पादन र वृक्षारोपण, गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग, हारभेष्टिङ्ग, काठ दाउरा

उत्पादन, वनपथ, कलभर्ट, स्टोन पिचिङ्ग, अग्नीरेखा निर्माण, पोखरी निर्माण, चेकड्याम निर्माण, सेड घर, काठेपुल, अवलोकन टावर, सीमसार संरक्षण, वन संरक्षण र व्यवस्थापन, जैविक विविधता विशेष क्षेत्र संरक्षण, वन्यजन्तु संरक्षण जस्ता कार्यहरु गर्दा कम्तीमा वन सेवाको सहायकस्तर पाचौं तह (रेञ्जर) का प्राविधिक कर्मचारीले स्वीकृत नर्म्सको अधीनमा रही लागत अनुमान तयारी गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम तयार भएको लागत अनुमान डिभिजनल वन अधिकृतले तोकेको कर्मचारीले चेक जाँच गर्ने र डिभिजनल वन अधिकृतले स्वीकृत गरी कार्यान्वयन गराउन सक्नेछ।

(४) स्वीकृत कार्यक्रममा परेका वन विकास तथा व्यवस्थापन र डिभिजन वा सब-डिभिजन वन कार्यालयको निर्माण तथा मर्मत सम्भार कार्यको लागि आवश्यक पर्ने काठ डिभिजनल वन अधिकृतले निर्देशकको सहमति लिई लगत राखी उपभोग गर्न सक्नेछ।

(५) विकास कार्यको चेकजाँच तथा जाँचपास गर्ने अधिकार डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृतको हुनेछ।

तर, जाँचपास गर्ने अधिकार कार्य सम्पन्न गर्ने कर्मचारी भन्दा एक तह माथिको वन प्राविधिक कर्मचारीलाई हुनेछ।

१५. <u>वृक्षारोपण र कृषि वन प्रणालीको प्रोत्साहन गर्ने:</u>

(१) निजी जग्गामा वृक्षारोपण, कृषि वन र जडीबुटी खेती गर्दा जडीबुटी खेती तथा प्रशोधन गर्न प्रचलित

कानुनमा तोकिएका मापदण्डहरुको पालना गरी सोको अभिलेख स्थानीय तहमा राख्नु पर्नेछ।

(२) कृषि वन र जडीबुटी तथा गैरकाष्ठ वनपैदावार खेती गर्दा छिमेकी जग्गावालाको कृषि प्रणालीमा असर पार्ने कार्यहरु गर्न पाइने छैन।

(३) निजी जग्गामा खेती गरिएका जडीबुटी तथा गैरकाष्ठ वनपैदावारहरुलाई कृषि वस्तु सरह निजी जग्गाबाट स्वतन्त्र रूपमा सङ्कलन, बिक्रीवितरण र ओसारपसार गर्न सकिनेछ।

(४) प्रदेश भित्रको राष्ट्रिय वनक्षेत्र भित्रको हैसियत बिग्रेको वा रुख नभएको जग्गामा भू–उपयोगमा परिवर्तन नहुने गरी ठाउँ उपयुक्त अन्तरबालीको रुपमा कृषि वन प्रणाली अवलम्बन गर्न सकिनेछ।

१६. **वन संरक्षण सम्बन्धी व्यवस्थाः** (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रको राष्ट्रिय वनको संरक्षणको उचित प्रबन्ध मिलाउनु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले आवश्यक वार्षिक संरक्षण योजना ऐनको दफा ४६(१) बमोजिम प्रदेश सरकारले बनाउनु पर्नेछ।

(३) उपभोक्ता समूहले अनिवार्य रुपमा आफ्नो वनको संरक्षणको व्यवस्था मिलाउनु पर्नेछ।

(४) राष्ट्रिय वनको संरक्षणको लागि डिभिजन वन कार्यालयबाट अनुरोध भई आएमा स्थानीय प्रशासन तथा सुरक्षा निकायले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(५) निर्देशनालयले राष्ट्रिय वनको संरक्षणको लागि डिभिजन वन कार्यालयलाई आवश्यक सहयोग तथा समन्वय गर्नु पर्नेछ।

(६) निर्देशकले राष्ट्रिय वनको संरक्षणको क्रियाकलापहरुको नियमित अनुगमन गरी डिभिजनल वन अधिकृतलाई सुझाव दिनु पर्नेछ र सो अनुगमन प्रतिवेदन त्रैमासिक रुपमा मन्त्रालयमा बुझाउनु पर्नेछ ।

१७. <u>प्रदेशभित्रको राष्ट्रिय वनको सिमाना तथा अन्य व्यवस्थाको लागि समिति गठन</u> : ऐनको दफा ११ को कार्यान्वयनका लागि देहाय बमोजिमको समिति रहनेछ ।

क. प्रमुख जिल्ला अधिकारी - संयोजक

ख. जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिको कार्यालय - सदस्य

ग. प्रमुख, जिल्ला प्रहरी कार्यालय - सदस्य

घ. प्रमुख, सशस्त्र प्रहरी बल - सदस्य

ङ. प्रमुख, मालपोत कार्यालय - सदस्य

च. प्रमुख, नापी कार्यालय - सदस्य

छ. प्रतिनिधि, सम्बन्धित स्थानीय तह २ जना सदस्य

ज. डिभिजनल वन अधिकृत -सदस्य-सचिव

## परिच्छेद–३

## वनपैदावार सङ्कलन तथा बिक्री बितरण

१८. <u>वनपैदावार सङ्कलन गर्न सकिने परिमाणः</u>

(१) डिभिजनल वन अधिकृतले स्वीकृत कार्ययोजनामा तोकिएको वार्षिक परिमाणमा नबढने गरी वनपैदावार सङ्कलन गर्नु गराउनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बाढी, पहिरो, हावाहुरी, आगजनी, कीरा र रोगको संक्रमण जस्ता विपद्जन्य घटनाका कारण वनपैदावारको क्षति हुन गई वनपैदावार सड्ने वा नासिने अवस्था आईपरेमा सो वनपैदावारलाई वन क्षेत्रबाट सङ्कलन गर्न कार्ययोजनाले तोकेको वार्षिक परिमाणको हदले बाधा पु¥याएको मानिने छैन।

(३) उपनियम (२) मा उल्लेखित विपदजन्य घटनाका कारण वनपैदावारको क्षति हुन पुगेमा डिभिजनल वन अधिकृत वा निजले खटाएको वन अधिकृतले तत्काल स्थलगत निरीक्षण गरी घटनाको मिति र क्षतिको प्रारम्भिक विवरण सहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनुपर्नेछ ।

(४) डिभिजनल वन अधिकृतले उपनियम (३) मा उल्लेख भए बमोजिम क्षति हुन पुगेको वनपैदावारको मापन तथा लगत मूल्याङ्कन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा निर्देशकको स्वीकृति लिई सङ्कलन तथा बिक्रीवितरण गर्न सक्नेछ ।

(५) वन संरक्षण क्षेत्रमा उपनियम (३) बमोजिमको वनपैदावार सङ्कलन गर्नु पर्ने भएमा निर्देशकको सिफारिसमा मन्त्रालयको स्वीकृति लिई सङ्कलन तथा बिक्रीवितरण गर्न सक्नेछ । वनपैदावारवनपैदावार

(६) वनपैदावार चोरी कटानी वा सङ्कलन वा निकासी वा छापामारी खानतलासीबाट प्राप्त अनियमित रुपका बरामद काठ, दाउरा लगायतका वनपैदावारको बिक्री बितरण डिभिजनल वन अधिकृतले गर्नेछ ।

(७) राष्ट्रिय वनबाट उत्पादित वनपैदावारको मूल्य अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

१९. **<u>रुखको छपान तथा मूल्याङ्कन गर्नु पर्नेः</u>** (१) स्वीकृत कार्ययोजना बमोजिम काठ दाउरा सङ्कलन गर्नु पूर्व डिभिजनल वन अधिकृतले कटान गर्ने रुखको छपान तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) रुखको छपान तथा मूल्याङ्कन गर्दा न्यूनतम वन सेवाको सहायकस्तर पाचौं तह (रेञ्जर) को प्राविधिक कर्मचारीबाट गराउनु पर्नेछ ।

(३) रुखको छपान तथा मूल्याङ्कन गर्ने र काठ, दाउराको आयतन निकाल्ने तरिका अनुसूची-४ बमोजिम हुनेछ।

(४) वनक्षेत्रबाट संकलित काठ, दाउरा सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।सङ्कलन गरिएका वनपैदावार सुरक्षित स्थानमा राख्नको लागि डिभिजनल वन अधिकृतले चारकिल्ला खुलाई घाटगद्दी क्षेत्र तोक्नु पर्नेछ।

(५) वनक्षेत्रबाट घाटगद्दीसम्म गोलिया काठ ओसारपसार गर्दा प्रत्येक गोलिया काठको दुवैतर्फ डिभिजन वन कार्यालयको वा डिभिजन वन कार्यालयमा दर्ता भएको टाँचा लगाई अनुसूची-५ बमोजिमको चलानीपुर्जी लिएर मात्र ओसारपसार गर्नु पर्नेछ ।

(६) संकलित काठ दाउरा घाटगद्दीस्थलमा लट छुटिने गरी पाइलिङ्ग गरी राख्नु पर्नेछ ।

२०. **<u>वनपैदावार सङ्कलन गर्ने तथा निकाल्ने अवधिः</u>** प्रदेशभित्रको राष्ट्रिय वन क्षेत्रबाट काठ, दाउरा सङ्कलन सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

२१. **जिल्ला वनपैदावार आपूर्ति समिति सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ९४ अनुसार मन्त्रालयले स्थानीय जनताको हितलाई ध्यानमा राखी काठ, दाउरा बिक्रीवितरण गर्न प्रत्येक जिल्लामा एक जिल्ला वनपैदावार आपूर्ति समिति रहनेछ ।

(२) उपनियम (१) बमोजिमको समितिले डिभिजनल वन अधिकृतबाट इजाजतपत्र लिई देहायको प्रयोजनको लागि अनुसूची-६ को परिमाणमा नबढाई काठ दाउराको बिक्री वितरणको व्यवस्था गर्नेछ ।

(क) विपद्मा परेको परिवारको घर गोठ निर्माण तथा पुननिर्माण,

(ख) घरकाज वा घर निर्माण तथा मर्मत सम्भार

(ग) किसान परिवार वा कृषक समूहले निर्माण तथा उपयोग गर्ने कृषि औजार

(घ) वनपैदावारमा आधारित उद्योग, साना उद्योग तथा फर्निचर उद्योग

(ङ) धार्मिक तथा सास्कृतिक कार्य,

(च) दाह संस्कार,

(छ) शीतलहर भएको समयमा सार्वजनिक स्थानमा न्यानो कार्य, वा

(ज) जनसहभागितामा गरिने साना लागतको विकास निर्माण कार्य ।

(३) उपनियम (१) बमोजिम गठित जिल्ला वनपैदावार आपूर्ति समितिले विपद्मा परेको परिवारलाई सम्बन्धित स्थानीय तहको र जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा काठ दाउरा बिक्रीवितरणको व्यवस्था मिलाउनेछ ।

(४) डिभिजनल वन अधिकृतले अनुसूची-१ बमोजिमको रोयल्टी लिई आपूर्ति समितिलाई एकमुष्ट वा लट-लट गरी काठ दाउरा उपलब्ध गराउनु पर्नेछ।

(५) कार्ययोजना बमोजिम काठ दाउरा प्राप्त हुन नसक्ने जिल्लाको लागि मन्त्रालयले प्रदेशभित्रको काठ दाउरा उपलब्ध हुन सक्ने अन्य जिल्लाबाट काठ दाउरा उपलब्ध गराई बिक्रीवितरणको व्यवस्था मिलाउन सक्नेछ। प्रदेशभित्र काठ, दाउरा नपुग भएमा प्रदेश बाहिरको अन्य जिल्लाबाट काठ, दाउराको आपूर्ति गर्न नेपाल सरकारको विषयगत मन्त्रालयसँग समन्वय गरी मन्त्रालयले व्यवस्था मिलाउन सक्नेछ ।

(६) जिल्ला वनपैदावार आपूर्ति समितिले निजी स्रोतबाट उत्पादित काठ, दाउरा समेत खरीद गरी बिक्री बितरण गर्न सक्नेछ।

(७) जिल्ला वनपैदावार आपूर्ति समितिबाट जुन प्रयोजन र स्थानका लागि काठ, दाउरा प्राप्त गरेको हो सोही प्रयोजन र स्थानमा उपयोग गर्नु पर्नेछ । यसरी प्राप्त गरेको काठ, दाउरा बिक्रीवितरण गर्न पाइने छैन ।

(८) घरकाज प्रयोजनका लागि बिक्रीवितरण गरिने काठ सकभर आपूर्ति समितिबाट चिरान गरी उपभोक्तामा वितरण गर्नु पर्नेछ ।

(९) जिल्ला वनपैदावार आपूर्ति समितिबाट हुने काठ दाउरा बिक्रीवितरणलाई व्यवस्थित गर्न मन्त्रालयले कार्यविधि बनाइ लागू गर्नेछ।

(१०) ऐनको दफा ६५ बमोजिम गठन भएको उपभोक्ता समूहले समूह बाहिर बिक्रीको लागि छुट्याईएको काठ, दाउरा मध्ये कम्तीमा पचास प्रतिशत

जिल्ला वनपैदावार आपूर्ति समितिलाई उपलब्ध गराउनु पर्नेछ।

तर उपभोक्ता समूहले जिल्ला वनपैदावार आपूर्ती समितिलाई उपलब्ध गराएको काठ, दाउरा एक वर्ष भित्रमा उठाई नलगेमा उपभोक्ता समूहले त्यस्तो काठ, दाउरा लिलाम बिक्री गर्न सक्नेछ ।

(११) जिल्ला वनपैदावार आपूर्ति समितिले निर्देशनालयको सहमतिमा प्रदेशभित्रका जिल्लाहरुमा र मन्त्रालय तथा विभागको सहमतिमा नेपालभरी दाहसंस्कार प्रयोजनको लागि दाउरा बिक्रीवितरण गर्न उपलब्ध गराउनु पर्नेछ।

(१२) जिल्ला वनपैदावार आपूर्ति समितिले काठ दाउराको बिक्रीवितरण व्यवस्थित गर्न बार्षिक कार्ययोजना तयार गरी निर्देशनालयबाट स्वीकृत गराउनु पर्नेछ ।

(१३) वनपैदावार बिक्रीवितरण जिल्ला वनपैदावार आपूर्ति समितिले बिक्रीवितरण गरी बाँकी रहेको काठ दाउरा अनुसूची-१ को मूल्यमा नघटाई न्यूनतम मूल्य कायम गरी लिलाम बिक्रीवितरण गर्न सक्नेछ ।

(१४) यस नियममा उल्लेखित कुराहरूको अतिरिक्त आपूर्ति समितिले मन्त्रालय र निर्देशनालयले समय समयमा दिएको निर्देशनहरु पालना गर्नु पर्नेछ ।

२२. <u>**काठ दाउरा आपूर्ति सम्बन्धी विशेष व्यवस्थाः**</u> (१) डिभिजनल वन अधिकृतले राष्ट्रियस्तरका मठ, मन्दिर, सत्तल एवं प्राचिन स्मारक मर्मत तथा पुनः निर्माण कार्य, परम्परादेखि चलिआएको धार्मिक तथा सांस्कृतिक कार्यको निमित्त र बाढी, पहिरो, भूकम्प, आगलागि, शीतलहर लगायतका विपद् व्यवस्थापन कार्यको लागि नेपाल

सरकारलाई काठ, दाउरा आवश्यक परेमा सम्बन्धित कार्यको लागि स्वीकृत लागत अनुमान तथा प्रचलित दररेट अनुसार उपलब्ध गराउनु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले प्रदेशभित्रका धार्मिक संरचना, पाटी, सत्तल एवं प्राचिन स्मारक मर्मत तथा पुनः निर्माण कार्य, परम्परादेखि चलिआएको धार्मिक तथा सांस्कृतिक कार्यको लागि र बाढी, पहिरो, भूकम्प, आगलागि लगायतका विपद् व्यवस्थापन कार्यको लागि काठ, दाउरा आवश्यक परेमा मन्त्रालयको निर्णयको आधारमा उपलब्ध गराउनु पर्नेछ ।

(३) परम्परादेखि चलिआएको धार्मिक तथा सांस्कृतिक कार्यको निमित्त प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारले रोयल्टी मिनाहा गरी काठ दाउरा उपलब्ध गराउन सक्नेछ ।

तर काठ दाउराको सङ्कलन तथा ढुवानीमा लागेको खर्च काठ दाउरा उपयोग गर्ने निकायले व्यहोर्नु पर्नेछ ।

२३. **<u>वनपैदावार प्राप्त गर्न निवेदन दिनु पर्ने :</u>** (१) वनपैदावार प्राप्त गर्न चाहने कुनै व्यक्ति, निकाय वा जिल्ला वनपैदावार आपूर्ति समितिले देहायका विषय समेत खुलाई डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछः

(क) वनपैदावारको नाम,

(ख) वनपैदावार प्राप्त गर्न चाहेको क्षेत्रको नाम,

(ग) वनपैदावारको प्रजाति, किसिम र परिमाण,

(घ) वनपैदावार लिन चाहेको प्रयोजन, र

(ङ) वनपैदावार प्रयोग गरिने ठाउँ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा जिल्ला वनपैदावार आपूर्ति समितिले आवश्यक जाँचबुझ

गरी कार्ययोजना अनुसार बिक्रीवितरण गर्न तोकिएको परिमाणभित्र रही निवेदन दिने व्यक्ति, निकाय वा जिल्ला वनपैदावार आपूर्ति समितिबाट यस नियमावली बमोजिम लाग्ने वनपैदावारको मूल्य वा दस्तुर अग्रिम रुपमा बुझेर मात्र इजाजतपत्र दिनु पर्नेछ।

२४. **काठ दाउरा लिलाम बिक्री:** (१) डिभिजनल वन अधिकृतले काठ, दाउरा उत्पादन गरी घाटगद्दिमा दाखिला भएको एक महिना भित्रमा बिक्री प्रकृया सुरु गरि एक वर्ष भित्रमा बिक्री गरिसक्नु पर्नेछ । सरकारी निकाय, सरकारी स्वामित्वका निकायहरु र उपभोक्ता समूहले कार्ययोजना बमोजिम संकलित काठ दाउरा व्यापारिक प्रयोजनका लागि लिलाम बिक्री गर्दा पूर्ण प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम काठ दाउरा लिलाम बिक्रीको लागि अनुसूची-१ को मूल्यमा नघटाई न्यूनतम मूल्य कायम गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको लिलाम बिक्रीमा काठ दाउरामा आधारित उद्योगको रुपमा दर्ता एवं स्थापना भई सञ्चालनमा रहेका उद्योगहरूले मात्र प्रतिस्पर्धा गर्न पाउने छन्।

(४) उपनियम (१) बमोजिमका प्रतिस्पर्धि उद्योगहरूमध्ये सबैभन्दा बढी मूल्य सकार गर्ने उद्योगलाई डिभिजन वन कार्यालय वा उपभोक्ता समूहले टाँचा लगाई सम्बन्धित उद्योगसम्म ढुवानी गरी लैजान अनुसूची-४ बमोजिमको छोडपुर्जी दिनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम ओसारपसार गर्दा डिभिजन वन कार्यालयमा रहेको सिल प्रयोग गर्नु पर्नेछ।

(६) डिभिजन वन कार्यालयबाट हुने वनपैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार देहाय बमोजिमको अधिकारीलाई हुनेछ ।

(क) रु. पच्चीस लाखसम्मको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार डिभिजनल वन अधिकृतलाई,

(ख) रु. पच्चीस लाख भन्दा बढीको लिलामबिक्री स्वीकृत गर्ने अधिकार प्रचलित कानून बमोजिम।

(७) उपनियम (६) को (ख) बमोजिमको अधिकार सम्बन्धित अधिकारीले एक तह मुनिको अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(८) उपभोक्ता समूहबाट हुने वनपैदावारको लिलामबिक्री सदर गर्ने अधिकार समूहको कार्यकारिणी समितिलाई हुनेछ ।

२५. **काठ प्रशोधन सम्बन्धी व्यवस्थाः** (१) यस नियमावली बमोजिम गोलिया काठ तथा दाउरा खरिद गर्ने उद्योगले कम्तीमा एक तह प्रशोधन गरेर मात्र बिक्रीवितरण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम छोडपुर्जी प्राप्त भएको गोलिया काठ डिभिजन वन कार्यालयबाट चिरान आदेश लिई चिरान गरेपछि स:मिलले डिभिजन वन कार्यालयमा दर्ता गराएको टाँचा प्रयोग गरी डिभिजन वन कार्यालयबाट अनुमति प्राप्त गरी ओसारपसार गर्नु पर्नेछ।

(३) काठ तथा दाउरा चिरान गरी बिक्री गर्ने उद्योगले चिरान काठको त्रैमासिक विवरण डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) उद्योग वा कम्पनीहरुले उपनियम (२) बमोजिम डिभिजन वन कार्यालयबाट अनुमति प्राप्त गरी ल्याएको चिरान काठ तथा दाउरा प्रशोधन गरी वा नगरी बिक्री गर्दा मूल्य अभिवृद्धि करको बिल बीजकको आधारमा जिल्ला भित्र बिक्री तथा ओसारपसार गर्न सक्नेछन् ।

(५) कुनै उद्योगले यस नियम बमोजिम खरिद गरेको काठ वा दाउरा चिरान गरी निस्किएको स-साना टुक्रालाई प्रविधिको प्रयोग गरी जोडेर तयार पारेको काठ वा फर्निचर डिभिजन वन कार्यालयबाट प्रमाणीत गराई बिक्री गर्न सक्नेछ ।

२६. **काठ तथा दाउराको ओसारपसारः** (१) नियम २३ को उपनियम (२) र नियम २४ को उपनियम (५) बमोजिम ओसारपसार गर्दा डिभिजन वन कार्यालयबाट सिल लगाई दरपिठ गरी ओसारपसार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम ओसारपसार गरिएको काठ तथा दाउराको अन्तिम गन्तव्यको सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको रोहबरमा अनलोड गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम ओसारपसार गरिएको काठ तथा दाउराको विषयमा कुनै कारणले चेकजाँच वा छानबिन गर्नु परेमा ओसारपसारको अन्तिम गन्तव्यको सम्बन्धित डिभिजन वन कार्यालयको सहायकस्तर पाँचौं (रेञ्जर) तहका कर्मचारीको रोहबरमा चेकजाँच वा छानबिन गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम सिल भई आएको ढुवानीको साधन बिग्रिन गई वा दुर्घटना भई वा त्यस्तै

अन्य कारण परी सिल टुट्न गएको अवस्थामा सो साधनमा रहेको काठ, दाउरा सोही साधनमा वा अर्को साधनमा पुनः लोड गरी ढुवानी गर्नु पर्दा घटना घटेको क्षेत्रको सब डिभिजन वन कार्यालयले डिभिजन वन कार्यालयको सहमतिमा पुनः सिल लगाई ढुवानी गर्नु पर्नेछ ।

२७. **<u>जडीबुटी तथा अन्य वनपैदावारको सङ्कलन तथा बिक्रीवितरणः</u>** (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रभित्रको जडीबुटी तथा अन्य वनपैदावारको सङ्कलनको स्वीकृत कार्ययोजनाको अधीनमा रही प्रजाति, किसिम, सङ्कलन गर्न सकिने परिमाण, प्रजाति अनुसार सङ्कलन गर्ने समय समेत तोकी बढीमा एक महिनाको म्याद दिई सूचना जारी गर्नु पर्नेछ।

(२) कुनै वन क्षेत्रबाट अनुसूची-२ मा उल्लेखित जडीबुटी तथा अन्य वनपैदावारको सङ्कलन गर्न चाहनेले जडीबुटी तथा अन्य वनपैदावारको किसिम, सङ्कलन क्षेत्र, परिमाण र सङ्कलन गर्ने उद्देश्य समेत खुलाई डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पर्न आएको निवेदन उपर जाँचबुझ गर्दा माग बमोजिमको जडीबुटी तथा अन्य वनपैदावार प्रतिबन्ध नलागेको र स्वीकृत कार्ययोजना बमोजिम सङ्कलन गर्न सकिने देखिएमा अनुसूची-२ मा उल्लेख भए बमोजिमको मूल्यदर अनुसारको रकम धरौटी लिई अनुसूची-८ बमोजिमको सङ्कलन ईजाजत दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सङ्कलन गरिएको जडीबुटी तथा अन्य वनपैदावारको ईजाजत पत्रसँग भिडाई

उपनियम (३) बमोजिम लिईएको धरौटीबाट सङ्कलन गरिएको परिमाण बराबरको देखिएमा अनुसूची-२ मा उल्लेख भएको मूल्यदर अनुसारको रकम लिई अनुसूची-९ मा तोके बमोजिमको ढाँचामा छोडपुर्जी दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम छोडपुर्जी प्राप्त गरेको जडीबुटी तथा अन्य वनपैदावारको ओसारपसार गर्दा जडीबुटी राखेको भाँडो, ट्रली वा कन्टेनरमा डिभिजन वन कार्यालयलबाट सिल लगाई दरपिठ गरी ओसारपसार गर्नु पर्नेछ ।

(६) कुनै वनक्षेत्रमा रहेको एउटै किसिमको जडीबुटी सङ्कलनका लागि एकभन्दा बढी निवेदन परेमा डिभिजनल वन अधिकृतले प्रतिस्पर्धाका आधारमा सबैभन्दा बढी मूल्यदर प्रस्ताव गर्नेलाई सङ्कलन तथा बिक्रीवितरणको अनुमति पत्र दिन सक्नेछ ।

(७) मन्त्रालयले तोकेको जातको जडीबुटीको सङ्कलन तथा बिक्रीवितरण डिभिजन वन कार्यालयले बोलकबोल प्रथाद्वारा सबैभन्दा बढी मूल्य कबोल गर्नेलाई दिन सक्नेछ ।

(८) उपनियम (२) र (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले कुनै खास वनपैदावारको लागि अनुसूची-२ बमोजिमको मूल्यदरमा नघटाई प्रचलित कानुनद्वारा सबैभन्दा बढी मूल्यदर प्रस्ताव गर्ने व्यक्ति, उद्योग, कम्पनी वा सहकारी संस्थालाई दिन सक्नेछ ।

(९) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि कार्ययोजनाले तोकेको वार्षिक परिमाणको अधीनमा रही मन्त्रालयले तोकेको क्षेत्रसँग सम्बन्धित तथा वनपैदावारमा आधारित लघु उद्यमलाई आवश्यक पर्ने

कच्चा पदार्थ डिभिजन वन कार्यालयले उपलब्ध गराउन सक्नेछ।

२८. **<u>अन्य वनपैदावारको बिक्री गर्न सक्ने:</u>** (१) काठ, दाउरा, खयर, बोलडर, मस्कट र बालुवा बाहेक अनुसूची-३ मा उल्लेखित वनपैदावार प्रयोग गर्न चाहनेले डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले अनुसूची-३ बमोजिमको दस्तुर लिई त्यस्तो वनपैदावार बिक्रीवितरण गर्न सक्नेछ।

२९. **<u>सङ्कलन तथा बिक्रीवितरण सम्बन्धी विशेष व्यवस्था:</u>** संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि (साइटिस) को अनुसूचीहरुमा सूचीकृत भएका वनपैदावारको सङ्कलन, ओसारपसार वा निकासी गर्दा संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ।

३०. **<u>खयर काठ (जरा समेत) को बिक्री:</u>** (१) खयरको जरा बिक्री गर्दा तौलको आधारमा र खयर काठ (गोलिया) बिक्री गर्दा आयतन वा तौलको आधारमा अनुसूची-१ बमोजिमको रोयल्टी दरमा नघटाई बोल कवोल प्रथाबाट प्रतिस्पर्धात्मक बिधिद्वारा बिक्री गर्नु पर्नेछ ।

(२) खयरको गोलिया मापन गर्दा पलाँस (स्यापउड) सहित मापन गर्नु पर्नेछ र पलाँस हटाई हर्टउड मात्र बाँकी रहेको अवस्थामा आयतन निकाल्दा हर्टउडको आयतनलाई एक दशमलव चार अङ्कले गुणन गर्नु पर्नेछ।

३१. **<u>वनपैदावारको बिगो कायम गर्ने:</u>** (१) राष्ट्रिय वनबाट उत्पादित वनपैदावारको मूल्य अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) वनजङ्गल नोक्सान भई ठुटासम्म भएको तर काठ फेला नपरी बिगो कायम गर्नु पर्दा अनुसूची-४ बमोजिम ठुटाबाट आयतन निकाली अनुसूची-१ बमोजिमको रोयल्टी दरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ ।

(३) ठुटा फेला नपरी काठ मात्र फेला परेमा रुखको तीन गिण्डालाई एक रुख मानी सबैभन्दा मोटो काठको मोटो छेउलाई ठुटाको आधार मानी आयतन निकाली अनुसूची-१ बमोजिमको रोयल्टी दरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ ।

(४) केही काठ फेला परेको र ठुटा रहेको अवस्थामा ठुटालाई नै आधार मानी आयतन निकाली अनुसूची-१ बमोजिमको रोयल्टी दरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

(५) ठुटा फेला नपरी चिरान काठमात्र फेला परेको अवस्थामा चिरानलाई अनुसूची-४ बमोजिम गोलियामा परिणत गरी विगो कायम गर्नु पर्नेछ ।

(६) जडीबुटी तथा अन्य वनपैदावारको विगो कायम गर्दा फेला परेको परिमाणलाई अनुसूची-२ को मूल्यले गुणन गरी जडीबुटीको बिगो कायम गरिनेछ र अन्य वनपैदावारको लागि अनुसूची-३ मा भएको मूल्यले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

३२. **<u>वनपैदावारको निकासी सम्बन्धी व्यवस्था:</u>** (१) कुनै व्यक्ति, संस्था, उद्योग वा कम्पनीले यस नियमावली

बमोजिम सङ्कलन गरेको वनपैदावार मध्ये विदेश निकासीको लागि प्रतिबन्धित वनपैदावार बाहेक अन्य वनपैदावार विदेश निकासी गर्न निवेदन दिएमा डिभिजनल वन अधिकृतले विदेश निकासीका लागि सम्बन्धित भन्सार कार्यालयलाई सिफारिस गर्न सक्नेछ।

(२) सङ्कलन, उपयोग, बिक्रीवितरण, ओसारपसार र आयातमा प्रतिबन्ध नलगाइएका वनपैदावार कुनै व्यक्ति, उद्योग, कम्पनी वा संस्थाले भन्सारको प्रज्ञापन पत्र र सम्बन्धित मुलुकको आधिकारिक प्रमाण सहित विदेशबाट आयात गरी बिक्रीवितरण गर्न निवेदन दिएमा सम्बन्धित डिभिजन वन कार्यालयले आवश्यक जाँचबुझ गरी नेपालभित्र ओसारपसार गर्न इजाजत दिन सक्नेछ।

(३) यस नियमावली बमोजिम आयात गरिएको वनपैदावार पुनः विदेश निकासी गर्नको निमित्त निवेदन दिएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो वनपैदावार पुनः विदेश निकासी गर्नको लागि अनुमति दिन सक्नेछ ।

३३. **दहत्तर बहत्तर र बेवारिसी काठको व्यवस्थापनः** (१) डिभिजन वन कार्यालयले दहत्तर बहत्तर र बेवारिसी काठको सङ्कलन गरी निर्धारित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम वन क्षेत्रभित्र रहेको दहत्तर बहत्तर वा बेवारिसी काठ घाटगद्दी भएपछि सम्बन्धित डिभिजनल वन अधिकृतले त्यस्तो काठको पूरा विवरण र लगत खोली हकदाबीको सूचना सम्बन्धित डिभिजन वन कार्यालय, स्थानीय तहको कार्यालय र जिल्ला प्रशासनको कार्यालयमा टाँस गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको सूचनामा उल्लेखित काठमा हकदाबी पुग्ने व्यक्ति, उपभोक्ता समूह, संघ संस्था र निकायले देहायका प्रमाण कागजातहरु सहित सो सूचना प्रकाशन भएको मितिले तीस दिनभित्र सम्बन्धित डिभिजन वन कार्यालय समक्ष हकदाबीको निवेदन पेश गर्नु पर्नेछः

(क) काठ प्राप्त गरेको वा काठको स्वामित्व प्रमाणित हुने सङ्कलन आदेश लगायतका प्रमाण कागजातहरु,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ग) अन्य कुनै विश्वसनीय प्रमाण भएमा सो समेत ।

(४) डिभिजनल वन अधिकृतले उपनियम (३) बमोजिमको हकदाबीका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि प्राविधिक कर्मचारी खटाउन सक्नेछ र यसरी अध्ययन गरिएको प्रतिवेदनको आधारमा हकदाबी पुग्ने वा नपुग्ने यकिन गरी हकदाबी पुग्ने देखिएमा हकदाबी पुग्ने निर्णय भएको काठ सम्बन्धित काठधनीलाई सङ्कलन गर्दा लागेको खर्च लिई जिम्मा दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त गरेको काठ व्यावसायिक प्रयोजनका लागि बिक्री गर्ने भएमा डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ ।

(६) डिभिजनल वन अधिकृतले उपनियम (४) बमोजिम बेवारिसी काठको हकदाबी उपर निर्णय गर्दा हकदाबी नपुग्ने निर्णय भएको अवस्थामा उक्त निर्णय उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र निर्देशक समक्ष निवेदन गर्न सक्नेछ र निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

(७) घाटगद्दी गरिएका काठहरुमध्ये उपनियम (४) र (६) बमोजिम जाँचबुझ गर्दा हकदाबी नपुग्ने निर्णय भएको काठको बिक्रीवितरण गर्दा नियम २४ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ।

३४. **नेपाल वन निगम लिमिटेडलाई काठ दाउरा उपलब्ध गराउने:** (१) डिभिजनल वन अधिकृतले नेपाल वन निगम लिमिटेडलाई काठ दाउरा आपूर्ति गर्नको लागि सरकारद्वारा व्यवस्थित वनको कुनै भाग प्लट कायम गरी काठ दाउरा सङ्कलन गर्न उपलब्ध गराउन सक्नेछ ।

(२) डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको विभिन्न स्रोतबाट प्राप्त गरी आफ्नो घाटगद्दीमा भएको काठ दाउरा उपनियम (१) को प्रयोजनको लागि नेपाल वन निगम लिमिटेडलाई उपलब्ध गराउन सक्नेछ ।

(३) डिभिजनल वन अधिकृतले उपनियम (१) र (२) बमोजिम काठ दाउरा उपलब्ध गराउदा अनुसूची-१ मा उल्लेख भए बमोजिमको मूल्य लिई उपलब्ध गराउनु पर्नेछ।

(४) उपभोक्ता समूहले नियम-२१ को उपनियम (१०) बमोजिम जिल्ला वनपैदावार आपूर्ति समितिलाई छुट्याई बाँकी रहेको काठ दाउरा मध्येबाट आपसी समझदारीको आधारमा कम्तीमा अनुसूची-१ बमोजिमको मूल्य लिई नेपाल वन निगम लिमिटेडलाई काठ दाउरा उपलब्ध गराउन सक्नेछ ।

(५) यस नियम बमोजिम नेपाल वन निगम लिमिटेडले प्राप्त गरेको काठ चिरान वा प्रशोधन गरी मात्र बिक्री गर्नु पर्नेछ।

(६) यस नियम बमोजिम नेपाल वन निगम लिमिटेडले प्राप्त गरेको काठ चिरान वा प्रशोधन गरी यस प्रदेश भित्रको आवश्यकता परिपूर्ति गरेर मात्र प्रदेश बाहिर बिक्रीवितरण गर्नु पर्नेछ ।

(७) जनतालाई सहज काठ, दाउरा आपूर्ति गर्नको लागि प्रत्येक जिल्लामा आवश्यकता अनुसार बिक्री डिपोहरु सञ्चालन गर्न सकिनेछ।

**३५. <u>जोखिमपूर्ण तथा अन्य अवस्थाका रुखको व्यवस्थापन</u>ः**

(१) वन क्षेत्र बाहेकका बाटोमा छहारी पर्ने, चौतारा, पानीको मुहान, धार्मिक स्थल, जग्गाधनी प्रमाणपूर्जा नभएका सरकारी कार्यालय, समिति, संस्थान कार्यालय, अन्य कार्यालय, सार्वजनिक स्थल वा अन्य स्थानमा रहेका रुखहरु जोखिम अवस्थामा रही तत्काल नहटाउँदा जनधनको क्षति हुन सक्ने अवस्था भएमा देहाय बमोजिमको समितिको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले उक्त रुखहरु हटाउन अनुमति दिन सक्नेछ ।

(क) डिभिजनल वन अधिकृत -संयोजक

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(ग) मालपोत कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(घ) नापी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(च) सम्बन्धित स्थानीय तहको वडा अध्यक्ष -सदस्य

(छ) सम्बन्धित कार्यालयको प्रमुख वा अधिकृत प्रतिनिधि- सदस्य सचिव

(२) समिति, संस्थान र कार्यालय समेतको अधिकार क्षेत्रमा रहेका रुखहरु स्थानीय तहको सिफारिसमा उपनियम (१) बमोजिमको समितिको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले हटाउन अनुमति दिन सक्नेछ।

(३) वन क्षेत्र बाहेकका जग्गाधनी प्रमाणपूर्जा नभएका सरकारी कार्यालय, समिति, संस्थान कार्यालय वा अन्य कार्यालयमा रहेका रुखहरु सम्बन्धित कार्यालयको विभागीय सहमति र उपनियम (१) बमोजिमको समितिको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले हटाउन अनुमति दिन सक्नेछ।

(४) यस उपनियम (२) र (३) बमोजिम स्वीकृति प्राप्त गरी काटिएको वा हटाइएको रुख ओसारपसार गर्दा डिभिजन वन कार्यालयबाट टाँचा र सिल लगाई बाटोमा पर्ने जाँच चौकीबाट दरपिठ गराई ढुवानी गर्नु पर्नेछ।

## परिच्छेद—४

## उपभोक्ता समूह सम्बन्धी व्यवस्था

३६. **उपभोक्ता समूहको गठन र दर्ता:** (१) सामूहिक हितका लागि कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गरी वनपैदावारको उपयोग गर्न चाहने त्यस्तो वनको सम्बन्धित उपभोक्ताले ऐनको दफा ६५ बमोजिम उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह गठन गर्नको लागि सम्बन्धित वनका उपभोक्ताले सम्बन्धित सब-डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजनल वन अधिकृत समक्ष लिखित रुपमा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदन प्राप्त भएमा डिभिजनल वन अधिकृतले प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम खटिएका कर्मचारीले स्थानीय तह समेतको सहयोग लिई उपभोक्ता समूह गठन गर्न र त्यसको विधान तयार गर्न उपभोक्ता समूहलाई सहयोग गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम तयार गरिने उपभोक्ता समूहको विधानमा अनुसूची-१० मा उल्लेखित विषय समावेश गरिएको हुनु पर्नेछ ।

(६) उपनियम (४) बमोजिमको विधान तयार गर्दा र विधान बमोजिमको उपभोक्ता समूह गठन गर्दा वडा, गाउँ, नगर तथा जिल्लाको सिमानाले असर पार्ने छैन ।

(७) उपनियम (२) बमोजिमका उपभोक्ताले उपनियम (४) बमोजिम तयार भएको विधानमा उल्लेख भए बमोजिम सम्पूर्ण उपभोक्ता रहने गरी एक उपभोक्ता समूह गठन गरी उपभोक्ता समूहको विधान सहित अनुसूची-११ बमोजिमको ढाँचामा डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(८) उपनियम (७) बमोजिमको निवेदन दिने उपभोक्ता समूह त्यसको विधान अनुरुप गठन भएको देखिन आएमा डिभिजनल वन अधिकृतले त्यस्तो उपभोक्ता समूहलाई दर्ता गरी ऐन, यस नियमावली तथा डिभिजनल वन अधिकृतले तोकिदिएको शर्त पालन गर्ने कबुलियत गराई अनुसूची-१२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

३७. **<u>वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने :</u>** (१) उपभोक्ता समूह आफैंले वा कुनै स्थानीय तह वा संघ संस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा मापदण्ड बमोजिम स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न इच्छुक उपभोक्ता समूहले त्यस्तो कार्यक्रम सञ्चालन गर्नुको उद्देश्य, ढाँचा, लागत, अनुमानित लाभ लगायत सो कार्यक्रमसँग सम्बन्धित आशयपत्र र प्रचलित कानुन बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन समेत तयार गरी सो कार्यक्रम सञ्चालन गर्ने अनुमतिको लागि सम्बन्धित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा डिभिजन वन कार्यालयले प्राप्त कागजात तथा फिल्ड समेतको अध्ययन गर्दा त्यस्तो वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने देखेमा सिफारिस सहित स्वीकृतिको लागि निर्देशनालयमा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन तथा कागजात अध्ययन गर्दा प्रस्तावित कार्यक्रम ऐन, यस नियमावली तथा वनको स्वीकृत कार्ययोजनाको अधीनमा रही सञ्चालन हुने देखेमा निर्देशनालयले आवश्यक शर्त तोकी त्यस्तो उपभोक्ता समूहलाई आफैं वा कुनै स्थानीय तह वा संघ संस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इजाजतपत्र प्रदान गर्न सक्नछ ।

(५) उपनियम (४) बमोजिम इजाजतपत्र प्राप्त गरे पश्चात सम्बन्धित उपभोक्ता समूहले कुनै स्थानीय तह वा संघ संस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने भए सो कार्यक्रम सञ्चालन सम्बन्धी आशयपत्र सार्वजनिक गर्नेछ।

(६) उपनियम (५) बमोजिम सार्वजनिक भएको आशयपत्रको आधारमा कुनै स्थानीय तह वा संघ संस्था वा निजी क्षेत्र वा सहकारी सो कार्यक्रममा उपभोक्ता समूहसँग साझेदारी गर्न आएमा सो बमोजिम र कुनै पनि स्थानीय तह वा संघ संस्था वा निजी क्षेत्र वा सहकारी साझेदारी गर्न नआएमा त्यस्तो उपभोक्ता समूहले आफैं कुनै स्थानीय तह वा संघ संस्था वा निजी क्षेत्र वा सहकारीलाई सो कार्यक्रममा साझेदारी गर्न अनुरोध गरेमा सो अनुरोध बमोजिम कुनै स्थानीय तह वा संघ संस्था वा निजी क्षेत्र वा सहकारी सो कार्यक्रममा उपभोक्ता समूहसँग साझेदारी गर्न मञ्जुर भएमा निजहरुबीच ऐन, यो नियमावली, कार्ययोजना र प्रस्तावित कार्यक्रमको आशयपत्रको अधीनमा रही करार गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम करार सम्पन्न भए पश्चात ऐन, यस नियमावली, कार्ययोजना तथा सम्पन्न करारको अधीनमा रही त्यस्तो उपभोक्ता समितिले करार गरेको कुनै स्थानीय तह वा संघ संस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(८) स्वीकृत पर्यापर्यटन योजना बमोजिम पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तह वा अन्य समूहसँग लागत र प्रतिफल साझेदारी गरी सञ्चालन गर्न

सकिनेछ । सम्बन्धित उपभोक्ता समूहले सोबाट प्राप्त आम्दानीको विस्तृत अभिलेख राखी नियमानुसार लेखापरीक्षण गराउनु पर्नेछ।

३८. **उपभोक्ता समूहको कोष सञ्चालनः** (१) सामुदायिक वन उपभोक्ता समूह र साझेदारी वन उपभोक्ता समूह बाहेक अन्य समुदायमा आधारित वन व्यवस्थापन समूहको कोष र खाता सो समूहको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ र दुबै जनामध्ये एक जना महिला अनिवार्य हुनु पर्नेछ।

(२) उपभोक्ता समूहको आम्दानी र खर्चको वार्षिक लेखापरीक्षण उपभोक्ता समूहको साधारण सभाबाट तोकिएको व्यक्ति वा निकायबाट हुनेछ।

(३) उपनियम (२) बमोजिमको लेखापरीक्षण प्रतिवेदनको एक प्रति उपभोक्ता समूहले सम्बन्धित डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

(४) डिभिजनल वन अधिकृतले उपभोक्ता समूहले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्नेछ।

३९. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने :** (१) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लेखित विषयका अतिरिक्त देहायका विषय समेत समावेश हुने गरी वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ :-

(क) वर्ष भरी उपभोक्ता समूहले गरेको आर्थिक कारोबार समेत समेट्ने आर्थिक विवरण,

(ख) वनको स्थिति,

(ग) वनको संरक्षण, प्रवर्द्धन तथा व्यवस्थापनका लागि गरिएका कार्यहरुको विवरण,

(घ) अन्य आवश्यक विवरण।

(२) उपनियम (१) बमोजिमको वार्षिक प्रतिवेदन सम्बन्धित उपभोक्ता समूहले सार्वजनिक गर्नु पर्नेछ।

## परिच्छेद-५

## प्रदेश सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

४०. कार्ययोजना तयार गर्ने : (१) डिभिजन वन कार्यालयले अनुसूची-१३ बमोजिमका विषय समावेश गरी आफ्नो कार्य क्षेत्रभित्रको राष्ट्रिय वनको आवधिक वन व्यवस्थापन कार्ययोजना तयार गरी निर्देशनालय मार्फत मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ र प्रदेश मन्त्रालयबाट स्वीकृत भएपछि कार्यान्वयन गर्नु पर्नेछ ।

(२) वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र धार्मिक वन व्यवस्थापन पद्धतिमा नसमेटिएको राष्ट्रिय वन प्रदेश सरकारद्धारा व्यवस्थित वनको रुपमा रहनेछ।

(३) डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको कुनै भागलाई सीमाङ्कन गरी उपनियम (१) बमोजिम स्वीकृत आवधिक योजनाको अधीनमा रही अनुसूची-१४ बमोजिमका विषयहरु खुलाई प्रदेश सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन कार्ययोजना तयार गर्न सक्नेछ।

(४) उपनियम (१) र उपनियम (३) बमोजिमको व्यवस्थापन कार्ययोजना स्वीकृतिको लागि निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम पेश भएको व्यवस्थापन कार्ययोजना अध्ययन तथा प्राविधिक परिक्षण गरी स्वीकृतिका लागि सिफारिस गर्न प्रदेश वन निर्देशकको अध्यक्षतामा तपसिल बमोजिमको एक प्राविधिक समिति रहनेछ।

(क) प्रदेश वन निर्देशक -अध्यक्ष

(ख) मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि (वन प्राविधिक) -सदस्य

(ग) प्रदेश वन निर्देशकले तोकेको अधिकृत प्रतिनिधि - सदस्य सचिव

(६) प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गरी कार्ययोजनाको स्वीकृतका लागि सिफारिस गर्नु पर्नेछ।

(७) प्राविधिक समितिको सिफारिसको आधारमा निर्देशकले आफ्नो राय सहित कार्ययोजना स्वीकृतिका लागि मन्त्रालयमा पठाउनु पर्नेछ।

(८) उपनियम (७) बमोजिम प्राप्त कार्ययोजना मन्त्रालयले स्वीकृत गर्नेछ।

गर्नु पर्नेछ।

(९) यो नियमावली प्रारम्भ हुनुअघि स्वीकृत भई कार्यान्वयनमा रहेका चक्ला वन व्यवस्थापन कार्ययोजना उपनियम (३) बमोजिम तयार भई स्वीकृत भएको मानिनेछ।

४१. **कार्यान्वयन तथा मूल्याङ्कन :** निर्देशकले आफ्नो क्षेत्रभित्र पर्ने सरकारद्वारा व्यवस्थित वनको कार्ययोजनाको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

४२. **कार्ययोजनामा संशोधनः** (१) डिभिजनल वन अधिकृतले कार्ययोजनामा कुनै संशोधन गर्नुपर्ने देखेमा आफ्नो राय सहितको प्रतिवेदन निर्देशनालयमा पठाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनबाट कार्ययोजनामा संशोधन गर्न उपयुक्त हुने देखिएमा निर्देशनालयले आफ्नो राय सहितको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ र त्यसरी प्राप्त प्रतिवेदन समेतको आधारमा मन्त्रालयले कार्ययोजना संशोधन गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम कार्ययोजना संशोधन भएमा मन्त्रालयले सोको जानकारी निर्देशनालय मार्फत सम्बन्धित डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ र सम्बन्धित डिभिजन वन कार्यालयले संशोधित कार्ययोजना बमोजिम कार्य गर्नु पर्नेछ।

(४) कार्ययोजना कार्यान्वयन भएको दुई वर्ष पछि मात्र त्यस्तो संशोधन गर्न सकनेछ।

४३. **सङ्कलन तथा बिक्रीवितरण गर्न नपाईने :** (१) कार्ययोजनामा वर्ष भरिमा सङ्कलन तथा बिक्रीवितरण गर्न तोकिएको परिमाणभन्दा बढी हुने गरी वनपैदावार सङ्कलन तथा बिक्रीवितरण गर्न पाइने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हावाहुरी, असिना पानी, आगजनी आदि जस्ता प्राकृतिक विपद्को कारणले गर्दा वनपैदावारको क्षति हुन गई वनपैदावार सड्ने वा नासिने अवस्था आई परेमा सो वनपैदावारलाई वन क्षेत्रबाट सङ्कलन गर्न र बिक्रीवितरण गर्न कार्ययोजनाले तोकेको वार्षिक परिमाणको हदले बाधा पुर्‍याएको मानिने छैन।

४४. **<u>इजाजतपत्र लिनु पर्ने र टाँचा लगाउनु पर्ने:</u>** (१) प्रदेश सरकारद्वारा व्यवस्थित वनबाट कुनै किसिमको वनपैदावार उपयोग गर्न, हटाउन, बिक्रीवितरण गर्न, निकासी गर्न वा ओसारपसार गर्न डिभिजनल वन अधिकृतबाट इजाजतपत्र लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र प्राप्त गरेको कुनै व्यक्ति वा निकायले वनमा कुनै काठ वा दाउरा काट्दा, टुक्रयाउँदा वा त्यसको निकासी गर्दा इजाजतपत्रमा उल्लेख भएको शर्त अनिवार्य रुपले पालना गर्नु पर्नेछ।

(३) वनको काठ, दाउरा काट्दा, टुक्रयाउँदा, उपभोग गर्दा, हटाउँदा, बिक्रीवितरण गर्दा, ओसारपसार गर्दा वा निकासी गर्दा डिभिजनल वन अधिकृतले तोकिदिएको टाँचा लगाउनु पर्नेछ।

## परिच्छेद—६
## साझेदारी वन सम्बन्धी व्यवस्था

४५. **<u>साझेदारी वन उपभोक्ता समूहको गठन</u>** : (१) राष्ट्रिय वनको कुनै भाग साझेदारी वनको रुपमा संरक्षण, विकास र व्यवस्थापन गर्न चाहने वन क्षेत्रभन्दा टाढा रहेका र परम्परागत उपभोक्ताहरुले ऐनको दफा ३७ र दफा ६५ बमोजिमको उपभोक्ता समूह गठनका लागि सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा आवश्यक सहयोगका लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा डिभिजनल वन अधिकृतले यथासक्य चाँडो आवश्यक

सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम खटिएको कर्मचारीले आवश्यकता अनुसार सम्बन्धित स्थानीय तह वा अन्तर्गतका वडा कार्यालयको समेत सहयोग लिई उपभोक्ता समूह गठन गर्न र विधान तयार गर्न उपभोक्ता समूहलाई सहयोग गर्नु पर्नेछ।

(४) उपभोक्ता पहिचान गरी समूह गठन गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला तथा प्रदेशको सिमानाले असर पार्ने छैन।

(५) साझेदारी वन उपभोक्ता समूहको विधानमा अनुसूची-१५ मा उल्लेखित विषय समावेश भएको हुनुपर्नेछ।

(६) उपनियम (३) बमोजिम तयार भएको साझेदारी वन उपभोक्ता समूहको विधान समूहको साधारण सभाबाट पारित गरी समूह दर्ताको लागि अनुसूची-११ बमोजिमको ढाँचामा सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(७) उपभोक्ता समूह ऐन तथा यो नियमावली बमोजिम गठन भएको देखिएमा डिभिजनल वन अधिकृतले साझेदारी वन उपभोक्ता समूह दर्ता गरी अनुसूची-१६ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(८) साझेदारी वन उपभोक्ता समूह एक प्रतिनिधिमूलक संस्था हुनेछ।

(९) साझेदारी वन उपभोक्ता समूहमा देहाय बमोजिमका सदस्यहरु रहने छन्।

(क) साझेदारी वनका उपभोक्ताको बसोबास क्षेत्रमा पर्ने प्रत्येक वडाको वडा अध्यक्षको अध्यक्षतामा वडास्तरीय उपभोक्ता भेलाबाट छानिएका दुईजना महिला, एकजना आदीवासी जनजाति, एकजना मधेशी, एकजना दलित, दुईजना अन्य सहित जम्मा सातजना।

(ख) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र रहेका प्रत्येक स्थानीय तहको कार्यपालिकाले कार्यपालिका सदस्यमध्येबाट एकजनाका दरले छनौट भएका प्रतिनिधि सदस्य ।

(ग) साझेदारी वनका उपभोक्ताको बसोबास क्षेत्रमा पर्ने प्रत्येक वडाको जनप्रतिनिधिहरु मध्ये एक एक जना।

(१०) उपनियम ९(क) बमोजिमका सदस्य नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट आर्थिक लाभ प्राप्त गर्ने व्यक्तिहरु हुनु हुदैन ।

(११) उपनियम ९(क) बमोजिमका सदस्यहरु मध्येबाट छनौट भएको व्यक्ति साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष हुनेछ ।

(१२) साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष तथा सदस्यहरुको पदावधि सो समूहको विधानको अधीनमा रहि बढीमा पाँच वर्षको हुनेछ ।

(१३) साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष पदमा बढीमा दुई कार्यकाल मात्र छनौट हुन पाउनेछ।

४६. <u>**साझेदारी वन व्यवस्थापन समितिः**</u> (१) उपभोक्ता समूहको कार्यसञ्चालनका लागि ऐनको दफा ३५ बमोजिमका साझेदारहरू मध्येबाट बढीमा सत्र सदस्यीय एक साझेदारी

वन व्यवस्थापन समिति रहनेछ। व्यवस्थापन समितिको सदस्यहरु देहाय बमोजिम रहने छन्। व्यवस्थापन समिति गठन गर्दा लैङ्गिक समानता र समावेशी हुने गरी नियम ४५ को उपनियम (९) बमोजिम तपसिल अनुसार गर्नु पर्नेछः

(क) साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष- अध्यक्ष

(ख) उपनियम (९) को खण्ड (ख) बमोजिमको सदस्यहरु मध्ये बाट एक जना- उपाध्यक्ष

(ग) उपनियम (९) को खण्ड (ग) बमोजिमको सदस्यहरु मध्ये बाट एक जना- सदस्य

(घ) उपनियम (९) को खण्ड (क) बमोजिमको सदस्यहरु मध्येबाट छानिएका कम्तीमा महिला तीन, आदीवासी जनजाति एक, मधेशी एक, दलित एक र अन्य सहित १३ जना सदस्य

(ङ) डिभिजनल वन अधिकृतले तोकेको वन अधिकृत- सदस्य-सचिव

(२) कार्यसमितिको पदावधी बढीमा पाँच वर्षको हुनेछ।

(३) साझेदारी वन व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार अनुसूची-१७ बमोजिम हुनेछ ।

(४) साझेदारी वन व्यवस्थापन समितिको दैनिक कार्यसञ्चालन तथा साझेदारी वनको स्वीकृत कार्ययोजना कार्यान्वयन गर्न व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा देहाय बमोजिम कार्यान्वयन एकाई रहनेछ।

(क) साझेदारी वन व्यवस्थापन समितिको अध्यक्ष- अध्यक्ष

(ख) उपनियम (१) (ग) बमोजिमका सदस्यहरुले आफूमध्येबाट छनौट गरेका एक जना - सदस्य

(ग) उपनियम (१) (घ) बमोजिमका साझेदारी वन व्यवस्थापन समितिका सदस्य मध्येबाट छनौट भएका दुईजना महिला सहित चारजना - सदस्य

(घ) सम्बन्धित सब-डिभिजन वन कार्यालयको वन अधिकृत सदस्य-सचिव

(५) साझेदारी वनको सम्पूर्ण कामकाज कार्यान्वयन एकाइबाट सञ्चालन हुने र सोको नगदी जिन्सी, श्रेष्ताहरु कार्यान्वयन एकाइमा रहने र अन्य निकायसँग पत्राचार आदान-प्रदान गर्दा कार्यान्वयन एकाइबाट गर्ने ।

४७. **<u>उपभोक्ता समूहको कोष सञ्चालन सम्बन्धी व्यवस्थाः</u>** (१) उपभोक्ता समूहको कोषको खाता त्यस्तो समूहको अध्यक्ष र नियम ४६ को उपनियम १(घ) बमोजिमको समिति सदस्य मध्येबाट सो समितिले छनौट गरेको व्यक्तिको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपभोक्ता समूहले कोषको रकम खर्च गर्दा सो समूहले अनुमोदन गरेको कार्यक्रम र योजना अनुसार मात्र खर्च गर्नु पर्नेछ। यसरी सो कोषको रकम खर्च गर्दा डिभिजन वन कार्यालयबाट कार्यक्रम स्वीकृत गराएर मात्र गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमका स्वीकृत कार्यक्रम र योजनाहरु प्रचलित सार्वजनिक खरिद ऐन, नियम बमोजिम सञ्चालन गर्नुका साथै सोको लगत अनुमान, कार्य सम्पन्न लगायतका कार्यहरुको भुक्तानी डिभिजन वन कार्यालयको सिफारिसमा गर्नु पर्नेछ ।

(४) व्यवस्थापन समिति र कार्यान्वयन एकाईको कार्य सञ्चालन खर्च उपभोक्ता समूहको कोषबाट ब्यहोर्नु पर्नेछ।

(५) उपभोक्ता समूहले स्वीकृत कार्यक्रम कार्यान्वयनका अतिरिक्त ऐनको दफा ६७ को उपदफा (४) बमोजिम वन्यजन्तुबाट हुने क्षति वापतको राहत प्रदान गर्न र मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन वा यस्तै प्रकृतिका कार्यक्रमका लागि कार्ययोजनामा व्यवस्था गरी राहत उपलब्ध गराउन सक्नेछ।

(६) उपभोक्ता समूहले आफ्नो आम्दानी र खर्चको लेखा र अभिलेख तथा सम्पूर्ण चल अचल सम्पत्तिको विवरण दोहोरो श्रेस्ता प्रणालीमा र जिन्सी सामानहरुको विवरण प्रचलित सरकारी फारामहरु बमोजिम दुरुस्त राख्नु पर्नेछ।

(७) उपभोक्ता समूहको साधारण सभाले लेखा परीक्षक तोकी समूहको आम्दानी र खर्चको वार्षिक लेखा परीक्षण रजिष्टर्ड लेखा परीक्षकबाट गर्नु पर्नेछ । एउटै लेखा परीक्षकबाट लगातार दुई वर्षभन्दा बढी लेखा परीक्षण गराइने छैन ।

(८) उपनियम (६) बमोजिमको लेखा परीक्षण प्रतिवेदनको एक प्रति वार्षिक प्रतिवेदनका साथ सम्बन्धित डिभिजन वन कार्यालय र अन्य सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ।

(९) डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले उपभोक्ता समूहले राखेको लेखा र अभिलेख आवश्यकता अनुसार जाँचबुझ गर्न सक्नेछ।

४८. **उपभोक्ता समूहले वार्षिक आर्थिक तथा प्राविधिक प्रगति प्रतिवेदन पेश गर्नुपर्ने:** (१) उपभोक्ता समूहले अनुसूची-१८ बमोजिमको ढाँचामा आर्थिक विवरण तथा वनको स्थिति समेत खुलाई समूहले वर्षभरी गरेका कृयाकलापहरुको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(२) नियम (१) बमोजिम वार्षिक प्रतिवेदन पेश गर्दा साझेदारी वन उपभोक्ता समूहले लेखा परिक्षण प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

४९. **वन व्यवस्थापन क्षेत्र निर्धारण र कार्ययोजना तयारी :** (१) डिभिजनल वन अधिकृतले स्थानीय तहको परामर्श तथा साझेदारी वन उपभोक्ता समूहको सहभागितामा देहायका विषयलाई आधार लिइ साझेदारी वन व्यवस्थापन क्षेत्र निर्धारण गर्नु पर्नेछः

(क) ऐनको दफा २१ बमोजिमको योजनाले साझेदारी वनको रुपमा व्यवस्थापन हुन सक्ने भनी पहिचान गरेका क्षेत्रहरु,

(ख) ऐनको दफा ३५ बमोजिमका उद्देश्यका लागि उपयुक्त हुन सक्ने वन क्षेत्रहरु ।

(२) ऐनको दफा ३५ बमोजिमको उद्देश्यहरु हासिल गर्नका लागि डिभिजनल वन अधिकृतले स्थानीय तहसँगको परामर्श र उपभोक्ता समूहको सहभागितामा अनुसूची-१९ मा उल्लेखित विषयवस्तुहरु समावेश हुने गरी साझेदारी वन व्यवस्थापन कार्ययोजना तयार गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको कार्ययोजनाको अवधि दश वर्षको हुनेछ।

(४) उपनियम (१) बमोजिम तयार भएको कार्ययोजना उपभोक्ता समूहको साधारण सभाबाट पारित गरी स्थानीय तह र व्यवस्थापन समितिको सिफारिस साथ डिभिजनल वन अधिकृतले आफ्नो राय सहित स्वीकृतको लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(५) निर्देशनालयले प्राविधिक अध्ययनको लागि नियम ४० को उपनियम (५) अनुसारको प्राविधिक समितिमा अध्ययन तथा सुझावको लागि पेश गर्नु पर्नेछ। प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी कार्ययोजनाको प्राविधिक अध्ययन गरी सिफारिस साथ स्वीकृतिको लागि निर्देशक समक्ष पेश गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम स्वीकृत भएको कार्ययोजना डिभिजन वन कार्यालय, सम्बन्धित स्थानीय तह र उपभोक्ता समूहले कार्यान्वयन गर्नु पर्नेछ। स्वीकृत भएको कार्ययोजनाको अधीनमा रही साझेदारी वन व्यवस्थापन समितिले वार्षिक कार्यक्रम तयार गरी डिभिजन वन कार्यालयबाट स्वीकृत गराई वन व्यवस्थापनका वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्नेछ।

(७) उपनियम (५) बमोजिम स्वीकृत भएको कार्ययोजनामा कुनै संशोधन गर्नुपर्ने भएमा साझेदारी वन व्यवस्थापन समिति र डिभिजन वन कार्यालयको सिफारिसमा निर्देशकबाट स्वीकृत गर्नु पर्नेछ। तर

निर्देशकले आवश्यक ठानेमा सुझावको लागि प्राविधिक समितिमा पठाउन सक्नेछ।

५०. **वन कार्ययोजना कार्यान्वयनः** (१) साझेदारी वनको स्वीकृत कार्ययोजना कार्यान्वयन गर्दा व्यवस्थापन समितिले बार्षिक कार्ययोजना तयार गरी समूहको साधारण सभाबाट पारित गरी डिभिजन वन कार्यालयबाट अनुमोदन गराएर मात्र साझेदारी वनको आर्थिक, प्रशासनिक तथा वनपैदावार बिक्रीवितरण लगायतका कार्यहरु कार्यान्वयन गर्नु पर्नेछ।

(२) साझेदारी वनको कार्ययोजना कार्यान्वयनको लागि डिभिजन वन कार्यालयले आवश्यक पर्ने कर्मचारी खटाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको कार्यहरु गर्नको लागि वन प्राविधिकहरु, विभिन्न निकाय र संघसंस्थाबाट सेवा सहयोग लिन सक्नेछ।

(४) वन संवर्द्धन प्रणाली अन्तर्गत बार्षिक कटान हुन नसकेको अवस्थामा उपयुक्त आधार सहित साझेदारी वन व्यवस्थापन समितिको निर्णय बमोजिम डिभिजन वन कार्यालयको सिफारिसमा निर्देशनालयले आवश्यक स्थलगत निरीक्षण गरी प्राविधिक समितिको राय बमोजिम कटान हुन नसकेको वर्षको समेत कटान गर्ने सहमति दिन सक्नेछ। तर, त्यसो गर्दा पुनरोत्पादन प्राप्ति तथा संरक्षणको सुनिश्चितता सम्बन्धित साझेदारी वन व्यवस्थापन समितिले अनिवार्य गर्नु पर्नेछ र डिभिजनल वन अधिकृतले सोको अनुगमन गर्नेछ ।

५१. **साझेदारी वनको लगत राख्नेः** (१) साझेदारी वनको कार्ययोजना स्वीकृत भए पश्चात निर्देशनालयले लगत राखी

सोको विवरण र एक-एक प्रति कार्ययोजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले साझेदारी वनको तथ्याङ्क अद्यावधिक गरी लगत राख्नु पर्नेछ।

५२. **साझेदारी वनमा गर्न नहुने कार्य :** (१) साझेदारी वनभित्र स्वीकृत कार्ययोजनाले निषेध गरेका कार्यको तथा कानुनद्वारा वर्जित कुनै पनि कार्यहरु गर्नु गराउनु हुदैन।

(२) नेपाल सरकारको स्वीकृति बिना साझेदारी वनको जग्गा कसैलाई पनि प्रयोग गर्न दिनु हुदैन।

(३) उपनियम (१) मा जुनसुकै कुराहरु लेखिएको भए तापनि स्वीकृत कार्ययोजनाको अधीनमा रही वनपैदावार सङ्कलन गरी घाटगद्दीका लागि आवश्यक पर्ने जग्गामा घाटगद्दी निर्माण र संरक्षणका लागि घेरबार गर्न, समूहको कार्यालय सञ्चालनको लागि तोकिएको स्थानमा कार्यालय भवन निर्माण गर्न, वन संरक्षणका लागि टहरा वा छाप्रो वा मचान बनाउन सकिनेछ।

(४) साझेदारी वन उपभोक्ता समूहले साझेदारी वनभित्र कुनै पनि प्रकारको अतिक्रमण हुन नदिने व्यवस्था मिलाउनु पर्नेछ र अतिक्रमित क्षेत्र डिभिजन वन कार्यालयको समन्वयमा हटाउनु पर्नेछ।

(५) व्यवस्थापन समितिका पदाधिकारीहरु वा सदस्यले समूहको हितको नाममा कोषको हिनामिना गर्ने र त्यस्तो समूहको विधान तथा कार्ययोजना विपरित कुनै कार्य गरेमा त्यस्ता पदाधिकारी वा कसूरमा संलग्न व्यक्तिलाई कानुन बमोजिम कारबाही हुनेछ।

(६) उपभोक्ता वा समूह बाहिरका कुनै पनि व्यक्तिले साझेदारी वन क्षेत्रभित्र कुनै पनि किसिमको हानी नोक्सानी गरेमा कानुन बमोजिम कारबाही हुनेछ।

**५३. <u>वनपैदावार सङ्कलन गर्न सकिने परिमाणः</u>** (१) स्वीकृत कार्ययोजनामा तोकिएको वार्षिक परिमाणमा नबढने गरी वनपैदावार सङ्कलन गर्नु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हावाहुरी, असिना पानी, आगजनी, कीरा र रोगको संक्रमण जस्ता विपद्जन्य घटनाका कारण वनपैदावारको क्षति हुन गई वनपैदावार सड्ने वा नासिने अवस्था आईपरेमा सो वनपैदावारलाई वन क्षेत्रबाट सङ्कलन गर्न कार्ययोजनाले तोकेको वार्षिक परिमाणको हदले बाधा पुऱ्याएको मानिने छैन।

(३) उपनियम (२) मा उल्लेखित विपद्जन्य घटनाका कारण वनपैदावारको क्षति हुन पुगेमा डिभिजनल वन अधिकृत वा निजले खटाएको वन अधिकृतले तत्काल स्थलगत निरीक्षण गरी घटनाको मिति र क्षतिको प्रारम्भिक विवरण सहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनुपर्नेछ।

(४) डिभिजनल वन अधिकृतले उपनियम (३) मा उल्लेख भए बमोजिम क्षति हुन पुगेको वनपैदावारको मापन तथा लगत मूल्याङ्कन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा निर्देशकको स्वीकृति लिई सङ्कलन तथा बिक्रीवितरण गर्न सक्नेछ।

(५) वनपैदावार चोरी कटानी वा सङ्कलन वा निकासी वा छापामारी खानतलासीबाट बरामद काठ, दाउरा लगायतका वनपैदावारको बिक्रीवितरण यसै

नियमावली अनुसार डिभिजन वन कार्यालयले व्यवस्थापन गर्नेछ।

(६) साझेदारी वनबाट काठ दाउरा सङ्कलनको लागि रूखको छपान तथा मूल्याङ्कन गर्दा नियम १९ बमोजिम गर्नु पर्नेछ।

५४. **वनपैदावारको उपयोग तथा बिक्रीवितरणः** (१) साझेदारी वन उपभोक्ता समूहको भागमा पर्ने काठ दाउरा समूहको क्षेत्रभित्र दुई वा दुई भन्दा बढी स्थानीय तह भएमा उपभोक्ताको घरधुरी संख्याको आधारमा समानुपातिक रुपमा वितरण हुनेछ।

(२) वनपैदावारको सङ्कलन तथा उपयोग स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिम हुनेछ।

(३) कार्ययोजनाको कार्यान्वयनबाट उपनियम (१) बमोजिमको समूहको भागमा परेको काठ, दाउरा उपभोक्ता समूहको आन्तरिक खपतलाई प्राथमिकता दिई अनुसूची-१ को मूल्यमा नघटाई कार्यान्वयन एकाइका सदस्य-सचिवबाट जारी भएको छोडपूर्जीबाट बिक्रीवितरण गर्नु पर्नेछ।

(४) साझेदारी वन उपभोक्ता समूहले वनपैदावार बिक्रीवितरण गरेका रसिद सुरक्षित साथ राख्नुपर्नेछ ।

(५) उपभोक्ता समूहलाई प्राप्त हुने काठ, दाउरा जडीबुटी तथा गैरकाष्ठ वनपैदावार उपभोक्ता समूहले समूह भित्र बिक्रीवितरण गर्दा वनपैदावारको लगत राखी अनुसूची-२० बमोजिमको तीन प्रति रसिद काटी वनपैदावार उपलब्ध गराउनु पर्नेछ।

५५. **फलामे टाँचाको दर्ता र प्रयोग** : (१) साझेदारी वन उपभोक्ता समूहले रुख छपान, कटान तथा काठ सङ्कलन

गरी घाटगद्दीसम्म ओसारपसार गर्न डिभिजन वन कार्यालयमा रहेको फलामे टाँचा प्रयोग गर्नु पर्नेछ।

(२) साझेदारी वनबाट उत्पादित उपभोक्ता समूहको भागमा परेका काठ समूह भित्र आन्तरिक बिक्रीवितरण गरी ओसारपसार गर्दा समूहको अनुसूची-२१ बमोजिम फलामे टाँचा प्रयोग गर्नु पर्नेछ र उपभोक्ता समूह बाहिर बिक्रीवितरण हुने काठको ओसारपसार गर्दा साझेदारी वन उपभोक्ता समूह र डिभिजन वन कार्यालयको दोहोरो टाँचा प्रयोग गर्नु पर्नेछ ।

(३) डिभिजन वन कार्यालयले समूहको माग बमोजिम दोहरो नपर्ने गरी निःशुल्क टाँचा दर्ता गर्नु पर्नेछ। डिभिजन वन कार्यालयमा दर्ता भएका समूहका टाँचाहरुको विवरण तयार गरी सबै निर्देशनालय, सबै डिभिजन वन कार्यालय, विभाग र अन्य सम्बन्धित निकाय समेतलाई दिनुपर्नेछ।

(४) उपभोक्ता समूहले आफनो समूहको टाँचाको सुरक्षा गर्नु पर्नेछ र कुनै कारणबाट टाँचा हराएमा वा नोक्सान भएमा डिभिजन वन कार्यालय समक्ष मुनासिव कारण सहित सोको तत्काल जानकारी दिनुपर्नेछ । सोको जानकारी प्राप्त भए पछि डिभिजन वन कार्यालयले आवश्यक छानबिन एवं पुरानो टाँचा रद्द गरी नयाँ टाँचा दर्ता गरी उपलब्ध गराउनु पर्नेछ। सो वापत पाँच हजार रुपैया दस्तुर लाग्नेछ ।

(५) उपनियम (४) बमोजिम रद्द गरेको पुरानो टाँचा र दर्ता गरेको नयाँ टाँचाको जानकारी सबै निर्देशनालय, सबै डिभिजन वन कार्यालय, विभाग र अन्य सम्बन्धित निकाय समेतलाई दिनुपर्नेछ।

(६) साझेदारी वनबाट उत्पादित उपभोक्ता समूह बाहिर बिक्रीवितरण हुने काठको ओसारपसार गर्दा साझेदारी वन उपभोक्ता समूह र डिभिजन वन कार्यालयको दोहोरो टाँचा प्रयोग गर्नु पर्नेछ।

५६. **समूह बाहिर वनपैदावार बिक्रीवितरण तथा ओसारपसारः** (१) समूह भित्र खपत नभई बाँकी रहेको काठ दाउरा मात्र समूहले डिभिजन वन कार्यालयको सहमति लिई अनुसूची-१ बमोजिमको रोयल्टीमा नघटाई पूर्ण प्रतिस्पर्धाको आधारमा एक वर्ष भित्र समूह बाहिर बिक्रीवितरण गरी सक्नु पर्नेछ ।

(२) उपभोक्ता समूहले समूह बाहिर बिक्री गरेको वनपैदावार ओसारपसार गर्न डिभिजन वन कार्यालयको सहमति लिई अनुसूची-२२ बमोजिमको ढाँचामा अनुमति पत्र दिनु पर्नेछ।

(३) उपभोक्ता समूहले समूहबाहिर वनपैदावार बिक्रीवितरण गर्दा अनुसूची-२३ को ढाँचामा रसिद काटी चलानी पुर्जि दिनु पर्नेछ।

(४) उपभोक्ता समूहले वनपैदावार बिक्रीवितरण गरेका रसिदहरु कम्तीमा दश वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

(५) उपभोक्ता समूहले बिक्रीवितरण गरेको वनपैदावारको लगत तथा आम्दानी खर्चको हिसाब दुरुस्त राख्नु पर्नेछ।

५७. **साझेदारी वनमा आधारित वन उद्यम :** (१) साझेदारी वनमा वन उद्यम सञ्चालन गर्न चाहने उपभोक्ता समूहले आफनो कार्ययोजनामा वन उद्यम सञ्चालनका लागि प्राप्त

हुन सक्ने वनपैदावारको आंकलन गरी वन उद्यम सञ्चालन सम्बन्धी व्यवस्था समावेश गर्न सक्नेछ।

(२) साझेदारी वनमा आधारित वन उद्यम सञ्चालनका लागि अन्य संघ संस्था वा निजी क्षेत्रसँग साझेदारी गर्न सकिनेछ।

(३) उपभोक्ता समूहले वन उद्यम स्थापना र सञ्चालनका लागि सम्बन्धित डिभिजन वन कार्यालयको सहयोग लिन सक्नेछन र वन उद्यम दर्ता र सञ्चालनका लागि कुनै निकायको सहमति लिनुपर्ने भएमा सोको लागि सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिसमा त्यस्तो सहमति लिन सकिनेछ।

(४) उपभोक्ता समूहले सञ्चालन गरेको वन उद्यमबाट उत्पादित तथा प्रशोधित काठमध्ये लागत मूल्यमा नघट्ने गरी उपभोक्ता समूहमा आन्तरिक बिक्रीवितरण गरी बाँकी रहेको उत्पादित काठ प्रचलित कानुन बमोजिम प्रतिस्पर्धाको आधारमा समूह बाहिर बिक्रीवितरण गर्न सकिनेछ।

(५) वन उद्यमका लागि वनपैदावार उपलब्ध गराउँदा स्वीकृत कार्ययोजनामा निर्धारित परिमाण भन्दा बढी वनपैदावार सङ्कलन तथा उपलब्ध गराउन पाइने छैन।

५८. **साझेदारी वनमा पर्यापर्यटन :** साझेदारी वन उपभोक्ता समूहले साझेदारी वन भित्र पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न चाहेमा ऐन र यस नियमावली बमोजिमको कार्यविधि अनुसार गर्न सक्नेछ।

## परिच्छेद—७
## वन संरक्षण क्षेत्र

५९. **लाभको बाँडफाँट:** वन संरक्षण क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभको बाँडफाँट सम्बन्धित वन व्यवस्थापन पद्धति तथा स्वीकृत कार्ययोजना अनुरुप हुनेछ।

६०. **चुरे क्षेत्रको संरक्षण तथा दिगो व्यवस्थापन:**

(१) संघीय र प्रादेशिक चुरे क्षेत्रको संरक्षण तथा व्यवस्थापनसँग सम्बन्धित गुरु योजना वा योजनाको परिधिभित्र रहेर चुरे क्षेत्रको भौगर्भिक अवस्था, क्षयीकरणको अवस्था र भिरालोपन समेतलाई मध्यनजर गर्दै उपयुक्त वन सम्वर्द्धन प्रणालीको आधारमा वन व्यवस्थापन गर्न सकिनेछ।

(२) चुरे क्षेत्रको नदी प्रणालीबाट नदीजन्य पदार्थ सङ्कलन गर्नु पूर्व वातावरण संरक्षण सम्बन्धी प्रचलित कानुन बमोजिम स्वीकृत वातावरणीय परीक्षण प्रतिवेदन अनुसार गर्न सकिनेछ। तर चुरे क्षेत्रको जमिनबाट खानी तथा खनिज पदार्थ उत्खनन्न गर्न पाइने छैन।

६१. **चुरे क्षेत्रबाट ढलापडा र सुख्खड खडा रुख सङ्कलन गर्न सकिने:** चुरे क्षेत्रमा अति भिरोलो र अति सम्बेदनशील क्षेत्र भनी तोकिएका क्षेत्रहरुमा भूमिको क्षयीकरण हुने गरी भू-उपयोग गर्न र वनपैदावार सङ्कलन गर्न पाईने छैन।

तर चुरे क्षेत्रमा रहेका यस्ता क्षेत्रहरुबाट तोकिए बमोजिम स्वीकृत वन व्यवस्थापन योजनाको अधीनमा रही ढलापडा र सुख्खड खडा रुखहरु सङ्कलन गर्न सकिनेछ।

६२. **वन संरक्षण क्षेत्रको कार्ययोजना** (१) वन संरक्षण क्षेत्रमा गरिने वन सम्बन्धी कार्यको व्यवस्थापनको लागि डिभिजन वन कार्यालयले देहाय बमोजिमका विषय समावेश गरी कार्ययोजना तयार गर्नु पर्नेछ ।

(क) वन क्षेत्रको चार किल्ला र क्षेत्रफल,

(ख) वन संरक्षणका लागि अपनाइने तरिका,

(ग) वनपैदावारको उपयोग सम्बन्धी व्यवस्था,

(घ) वन व्यवस्थापन सम्बन्धी तरिका,

(ङ) सिमसार व्यवस्थापन, पर्यापर्यटन तथा अन्य

(२) मन्त्रालयले ऐनको दफा ५० बमोजिमको वन संरक्षण क्षेत्र विशेष कार्ययोजना तयार गर्न निर्देशनालयलाई निर्देशन दिन सक्नेछ।

(३) निर्देशनालयले मन्त्रालयको परामर्शमा ऐनको दफा ४६ बमोजिमको क्षेत्र छनोट गरी अनुसूची-२४ बमोजिमका विषयहरु समावेश भएको कार्ययोजना डिभिजन वन कार्यालयबाट तयार गर्न लगाई सिफारिस साथ मन्त्रालयमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ।

(४) मन्त्रालयले प्राप्त कार्ययोजनामा परिमार्जन गर्नुपर्ने भए सो समेत गरी वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना स्वीकृत गरी वन संरक्षण क्षेत्रको चारकिल्ला र क्षेत्रफल सहितको विवरण प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(५) वन संरक्षण क्षेत्रको कार्ययोजनाको अवधि दश वर्ष सम्मको हुनेछ।

६३. **अनुमतिपत्र दिने** (१) डिभिजनल वन अधिकृतले वन संरक्षण क्षेत्रबाट स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेको

तरिका र परिमाणमा वनपैदावार निकाल्ने अनुमति दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिइने अनुमतिपत्रको ढाँचा अनुसूची-८ बमोजिम र वनपैदावारको दस्तुर अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ बमोजिम हुनेछ।

(३) चुरेक्षेत्रको जमिनबाट खानी तथा खनिज पदार्थ उत्खनन गर्नु पर्ने भएमा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद–८
## सामुदायिक वन

६४. **सामुदायिक वन उपभोक्ता समूहको गठनः** (१) सामुहिक हितका लागि सामुदायिक वनको रुपमा कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गर्न चाहने वनका सम्बन्धित उपभोक्ताहरुले ऐनको दफा ६५ बमोजिमको उपभोक्ता समूह गठनका लागि सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा आवश्यक सहयोगका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा डिभिजनल वन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम खटिएको कर्मचारीले आवश्यकता अनुसार सम्बन्धित स्थानीय तह वा अन्तर्गतका वडा कार्यालयको समेत सहयोग लिई उपभोक्ता समूह गठन गर्न र विधान तयार गर्न उपभोक्ता समूहलाई सहयोग गर्नु पर्नेछ।

(४) उपभोक्ता पहिचान गरी समूह गठन गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला तथा प्रदेशको सिमानाले असर पार्ने छैन।

(५) वन अतिक्रमण गरी बसेका घरधुरीलाई वन उपभोक्ता समूहमा समावेश गरिने छैन।

(६) वन उपभोक्ता पहिचान गर्दा परम्परा देखि वन उपभोग गरेका घरधुरीहरु वन उपभोक्ता समूहमा समावेस नभएमा र उक्त घरधुरी अन्य वन समूहको उपभोक्ता नभएको खण्डमा त्यस्ता घरधुरीलाई सम्बन्धित वन उपभोक्ता समूहमा समावेस गर्नु पर्नेछ।

(७) सामुदायिक वन उपभोक्ता समूहको विधानमा अनुसूची-१० मा उल्लेखित विषयहरु समावेश भएको हुनु पर्नेछ।

(८) उपनियम (३) बमोजिम तयार भएको सामुदायिक वन उपभोक्ता समूहको विधान समूहको साधारण सभाबाट पारित गरी समूह दर्ताको लागि अनुसूची-११ बमोजिमको ढाँचामा सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(९) उपभोक्ता समूह ऐन तथा यो नियमावली बमोजिम गठन भएको देखिएमा डिभिजनल वन अधिकृतले सामुदायिक वन उपभोक्ता समूह दर्ता गरी अनुसूची-१२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(१०) उपभोक्ता समूहको कार्य सञ्चालनका लागि बढीमा पन्ध्र सदस्यीय कार्य समिति रहनेछ।कार्य समितिको अध्यक्ष वा सचिव मध्ये एक र उपाध्यक्ष वा कोषाध्यक्ष मध्ये एक पदमा महिला प्रतिनिधित्व हुने गरी

कार्य समितिमा लैङ्गिक समानता र समावेशी (आदिवासी, जनजाती, मधेशी, मुस्लिम, दलित, थारु समेत) हुने गरी कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व भएको हुनु पर्नेछ।

(११) कार्य समितिको पदावधी बढीमा पाँच वर्षको हुनेछ र कुनै पनि व्यक्ति कार्यसमितिको अध्यक्ष पदमा बढीमा दुई कार्यकाल मात्र निर्वाचित वा छनौट हुन पाउनेछ ।

६५. <u>सामुदायिक वन व्यवस्थापन कार्ययोजना तर्जुमा र वन हस्तान्तरणः</u> (१) ऐनको दफा ५१ को उपदफा (१) अनुसारको राष्ट्रिय वनको कुनै भागलाई सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा कार्ययोजना तर्जुमाका लगि प्राविधिक सहयोग तथा सामुदायिक वन हस्तान्तरणका लागि नियम ६४ को उपनियम (९) बमोजिम दर्ता भएको समूहले अनुसूची-२५ बमोजिमको ढाँचामा डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा डिभिजनल वन अधिकृतले ऐन र यस नियमावली बमोजिम सामुदायिक वन व्यवस्थापन कार्ययोजना तयार गर्न प्राविधिक कर्मचारी खटाई सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) सामुदायिक वनको रुपमा हस्तान्तरणका लागि वनक्षेत्र निर्धारण गर्दा समूहको वन व्यवस्थापन गर्ने चाहना र व्यवस्थापन गर्न सक्ने क्षमता समेतलाई ध्यान दिनु पर्नेछ।

(४) उपभोक्ता समूहले सामुदायिक वन व्यवस्थापन कार्ययोजना तयार गर्दा सम्बन्धित स्थानीय तह सँग परामर्श लिन सक्नेछ ।

(५) सामुदायिक वन उपभोक्ता समूहले ऐन तथा यस नियमावली बमोजिमका कार्यहरु गर्नका लागि सम्बन्धित निकायहरु, संघसंस्था, योग्यता प्राप्त वन प्राविधक र सेवा प्रदायकहरुबाट आवश्यक सहयोग लिन सक्नेछ।

(६) उपभोक्ता समूहले अनुसूची-२६ मा उल्लेखित विषयहरु समावेश गरी सामुदायिक वन व्यवस्थापन कार्ययोजना तयार गर्नु पर्नेछ र यस्तो कार्ययोजनामा ऐनको दफा ५२ बमोजिम हुनेगरी संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

तर सामुदायिक वनको कार्ययोजना स्वीकृत भएको मितिले दुई वर्षसम्म संशोधन गर्न पाइने छैन ।

(७) सामुदायिक वनमा दिगो वन व्यवस्थापनको उद्देश्य र वनको अवस्था अनुसार उपयुक्त वन संवर्द्धन प्रणाली पहिचान गरी कार्ययोजनामा समावेश गरेको हुनुपर्नेछ।

(८) सामुदायिक वन व्यवस्थापन कार्ययोजना तर्जुमा गर्दा सहभागितामूलक विधि अवलम्बन गर्नु पर्नेछ र उक्त कार्ययोजना उपभोक्ता समूहको साधारण सभाबाट पारित भएको हुनु पर्नेछ।

(९) सामुदायिक वन व्यवस्थापन कार्ययोजनाको अवधि बढीमा दश वर्षको हुनेछ।

(१०) उपभोक्ता समूहले उपनियम (६) बमोजिम तयार पारी स्वीकृतिको लागि पेश गरेको वन व्यवस्थापन

कार्ययोजना उपर डिभिजनल वन अधिकृतले जाँचबुझ गर्दा कार्ययोजनामा कुनै कुरा सुधार गर्नु पर्ने भएमा उपभोक्ता समूहसँगको परामर्श र सहमतिमा सुधार गरी ऐन र यस नियमावलीमा उल्लेखित व्यवस्थाहरु, नेपाल सरकार र प्रदेश सरकारले तोकेका शर्तको समेत पालन गर्ने गरी कार्ययोजना स्वीकृत गर्नु पर्नेछ।

(११) डिभिजनल वन अधिकृतले उपनियम (६) बमोजिम सामुदायिक वन व्यवस्थापन कार्ययोजना स्वीकृत गरी अनुसूची-२७ बमोजिमको ढाँचामा सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको प्रमाणपत्र दिनु पर्नेछ।

(१२) सामुदायिक वनको सिमाना निर्धारण र उपभोक्ता पहिचान गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला र प्रदेशको सिमानाले असर पार्ने छैन।

(१३) कुनै एक जिल्लामा रहेका वन उपभोक्ता समूहलाई सिमाना जोडिएको अर्को जिल्लाको वनक्षेत्र हस्तान्तरण गर्नु पर्ने भएमा वनक्षेत्र रहेको जिल्लाको डिभिजनल वन अधिकृतले उपभोक्ता समूह रहेको डिभिजनल वन अधिकृतको सिफारिसमा सामुदायिक वन हस्तान्तरण गर्न सक्नेछ।

(१४) सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजनाको अवधि सकिनु अगावै नयाँ कार्ययोजना तयार गरी यस नियम बमोजिम स्वीकृत गराई पुरानो कार्ययोजनाको अवधि सकिएको दिनदेखि नयाँ कार्ययोजना कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

(१५) सम्बन्धित डिभिजनल वन अधिकृत वा निजले खटाएको वन कर्मचारीले आफनो क्षेत्रभित्रको सामुदायिक

वनको निरीक्षण, अनुगमन र मूल्याङ्कन गरी डिभिजन वन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

६६. **सामुदायिक वनको लगतः** (१) डिभिजनल वन अधिकृतले उपभोक्ता समूहलाई हस्तान्तरण गरेका सामुदायिक वनको लगत अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लगत राख्दा उपभोक्ता समूहको नाम, ठेगाना, दर्ता मिति, क्षेत्रफल, वनको किसिम, उपभोक्ता घरधुरी संख्या र कार्यसमितिमा रहेको महिला र पुरुषको संख्या, आदिबासी जनजाति, मधेशी र दलितको संख्या समेतको विवरण तथ्यांक कोड अनुसार हुने गरी राख्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लगत मन्त्रालयद्वारा सञ्चालित एकिकृत वन व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

६७. **उपभोक्ता समूहको कोष सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) उपभोक्ता समूहको कोषको खाता अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) वन उपभोक्ता समितिले कोषको रकम खर्च गर्दा साधारण सभाले स्वीकृत गरेको कार्यक्रम र योजना अनुसार मात्र खर्च गर्नु पर्नेछ ।

(३) उपभोक्ता समूहको आम्दानी र खर्चको लेखा र अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(४) उपभोक्ता समूहको आम्दानी र खर्चको वार्षिक लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

(५) डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले उपभोक्ता समूहले राखेको लेखा र अभिलेख

आवश्यकता अनुसार जुनसुकै समयमा जाँचबुझ गर्न सक्नेछ ।

६८. **<u>उपभोक्ता समूहले वार्षिक आर्थिक तथा प्राविधिक प्रगति प्रतिवेदन पेश गर्नुपर्नेः</u>** (१) उपभोक्ता समूहले अनुसूची-१८ बमोजिमको ढाँचामा आर्थिक विवरण, लेखा परीक्षण प्रतिवेदनको एक प्रति तथा वनको अवस्था समेत खुलाई आफ्ना कृयाकलापको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र डिभिजन वन कार्यालय र स्थानीय तह समक्ष पेश गर्नु पर्नेछ ।

६९. **<u>उपभोक्ता समूह र स्थानीय तह बीच समन्वयः</u>** (१) उपभोक्ता समूहले सम्बन्धित स्थानीय तहबाट माग भई आएमा तपसिल बमोजिमको विवरणहरु उपलब्ध गराउन सक्नेछ :

(क) डिभिजनल वन अधिकृतबाट स्वीकृत भएको विधान, कार्ययोजना र अन्य सम्बन्धित कागजातहरु,

(ख) उपभोक्ता समूहले सञ्चालन गर्ने योजना र लागत विवरण सहितको कार्यक्रम

(ग) उपभोक्ता समूहले बिक्री गरेको वनपैदावारको वार्षिक विवरण।

(२) स्थानीय तहले उपनियम (१) बमोजिम प्राप्त भएको विवरणका आधारमा आफ्नो कार्यक्षेत्र भित्रका वन उपभोक्ता समूहहरुको विवरण सहितको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ र सोही विवरणका आधारमा सामुदायिक वन उपभोक्ता समूहलाई प्रचलित कानुन बमोजिम डिभिजन वन कार्यालयसँगको समन्वयमा वन

संरक्षण तथा व्यवस्थापनमा आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ।

७०. **वन व्यवस्थापन, वनपैदावारको सङ्कलन तथा बिक्रीवितरण:** (१) उपभोक्ता समूहले सामुदायिक वनको व्यवस्थापन गर्दा स्वीकृत कार्ययोजना बमोजिम गर्नु पर्नेछ।

(२) उपभोक्ता समूहले कार्ययोजनामा उल्लेख भएका वन संरक्षण तथा विकासका सम्पूर्ण वार्षिक कार्यहरू तोकिएको समयमै सम्पन्न गर्ने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(३) स्वीकृत कार्ययोजना बमोजिम वन व्यवस्थापन गरी वनपैदावारको सङ्कलन गर्दा स्वीकृत वार्षिक परिमाणमा नवढ्ने गरी वनपैदावारको सङ्कलन तथा बिक्रीवितरण गर्नु पर्नेछ।

तर प्राकृतिक रुपमा आफै ढलेका रुखहरुको लगत मूल्याङ्कन गरी नियमानुसार सङ्कलन गर्न सक्नेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हावाहुरी, आगजनी, कीरा र रोगको संक्रमण जस्ता विपद्जन्य घटनाका कारण वनपैदावारको क्षति हुन गई वनपैदावार सड्ने वा नासिने अवस्था आईपरेमा सो वनपैदावारलाई वन क्षेत्रबाट सङ्कलन गर्न कार्ययोजनाले तोकेको वार्षिक परिमाणको हदले बाधा पुऱ्याएको मानिने छैन।

(५) उपनियम (४) मा उल्लेखित विपद्जन्य घटनाका कारण वनपैदावारको क्षति हुन पुगेमा उपभोक्ता समूहले यथाशक्य छिटो क्षतिको प्रारम्भिक विवरण सहित डिभिजनल वन अधिकृतलाई जानकारी गराउनु पर्नेछ । डिभिजनल वन अधिकृतले तत्काल प्राविधिक कर्मचारी

खटाई स्थलगत निरीक्षण गरी घटनाको मिति र क्षतिको विवरण सहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनु पर्नेछ।

(६) उपभोक्ता समूहको अनुरोधमा डिभिजनल वन अधिकृतले उपनियम (५) मा उल्लेख भए बमोजिम क्षति हुन पुगेको वनपैदावारको मापन तथा लगत मूल्याङ्कन गरी निर्देशकको स्वीकृति लिई सङ्कलन तथा बिक्रीवितरण गर्न उपभोक्ता समूहलाई अनुमति प्रदान गर्न सक्नेछ र सोको जानकारी जिल्ला विपद व्यवस्थापन समितिलाई गराउनु पर्नेछ ।

(७) उपनियम (३) र (४) बमोजिम काठ दाउरा सङ्कलन पछि कार्ययोजनाको वार्षिक कटान परिमाणलाई पुनरआंकलन गरी वन कार्ययोजना वा कटान योजना संशोधन गर्नु पर्नेछ।

(८) उपभोक्ता समूहले समूहका सदस्यले एकल वा सामुहिक रुपमा आफैंले स्थापना र सञ्चालन गरेको वन सम्बन्धी लघु उद्यमका लागि अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ मा तोकिएको मूल्यमा नघट्ने गरी सामुदायिक वनको वनपैदावार उपलब्ध गराउन सक्नेछ।

वनपैदावारवनपैदावार

**७१. <u>वनपैदावार सङ्कलन अनुमतिपत्र र बिक्रीको रसिदः</u>** (१) उपभोक्ता समूहले वनपैदावार सङ्कलन गर्नु पूर्व सब डिभिजन वन कार्यालयको सहयोगमा छपान मूल्याङ्कन गरी डिभिजनल वन अधिकृतको सहमति लिई सङ्कलन गर्नु पर्नेछ।

(२) समूहले सामुदायिक वनबाट कार्ययोजना बमोजिम प्राप्त हुने काठ दाउरा सङ्कलन गर्दा समूहका सदस्यहरुलाई परिचालन गरी सङ्कलन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम वनपैदावार सङ्कलन हुन नसकेमा प्रचलित सार्वजनिक खरिद ऐन अनुसार गर्नु पर्नेछ।काठ दाउराको लागि अनुसूची-२८ बमोजिम र काठ दाउरा बाहेकको वनपैदावारको लागि अनुसूची-२९ बमोजिम सङ्कलन अनुमतिपत्र दिई सङ्कलन गर्नु पर्नेछ।

(४) समूहले काठ दाउरा सङ्कलन गर्दा स्वीकृत जिल्ला दररेटमा नबढने गरी खर्च गर्नु पर्नेछ।

(५) उपभोक्ता समूहले कटान गरी सङ्कलन गरेको वनपैदावार स्वीकृत कार्ययोजनामा व्यवस्था भए बमोजिमको सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ र सङ्कलन भएको वनपैदावारको विवरण सहितको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(६) उपभोक्ता समूहले उपनियम (१) बमोजिम सङ्कलन गरी घाटगद्दीस्थलमा जम्मा भएको वनपैदावार नापजांच गरी समूह सदस्यलाई बिक्रीवितरण गर्दा अनुसूची-३० बमोजिमको ढाचाँमा तीन प्रति रसिद बनाई एक प्रति खरिद गर्ने व्यक्तिलाई, एक प्रति सम्बन्धित सब-डिभिजन वन कार्यालयलाई र एक प्रति समूहको कार्यालयमा राख्नु पर्नेछ।

(७) उपनियम (५) बमोजिम घाटगद्दी गरिएको वनपैदावार उपनियम (६) बमोजिम समूह भित्र बिक्रीवितरण गरी वांकी रहेको उत्पादन मध्ये नियम २१ को उपनियम (१०) बमोजिम जिल्ला वनपैदावार आपूर्ति समितिको लागि छुट्याई बाँकी रहेको वनपैदावार

डिभिजनल वन अधिकृतको सहमति लिएर अनुसूची-१ बमोजिमको रोयल्टीमा नघटाई पूर्ण प्रतिस्पर्धाको आधारमा एक वर्ष भित्र नियम २४ बमोजिम समूह बाहिर बिक्रीवितरण गर्न सक्नेछ।

(८) उपभोक्ता समूहले काठ दाउरा समूह बाहिर बिक्रीवितरण गर्दा अनुसूची-३० बमोजिमको तीन प्रति रसिद काटनु पर्नेछ।

(९) उपभोक्ता समूहले वनपैदावार बिक्रीवितरण गरेका रसिदहरु कम्तीमा दश वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

७२. **फलामे टाँचाको दर्ता र प्रयोगः** (१) उपभोक्ता समूहले अनुसूची-२१ बमोजिमको ढाँचामा फलामे टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ता गर्नु पर्नेछ र वार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ।

(२) डिभिजन वन कार्यालयले दर्ता भएका टाँचाको विवरण तयार गरी उक्त विवरण निर्देशनालय र विभागमा समेत पठाउनु पर्नेछ।

(३) उपभोक्ता समूहले रुख छपान, ढुवानी तथा ओसारपसार र बिक्रीवितरण गर्दा उपनियम (१) बमोजिमको फलामे टाँचा लगाउनु पर्नेछ ।

(४) उपभोक्ता समूहले आफनो समूहको टाँचाको सुरक्षा आफै गर्नु पर्नेछ र कुनै कारणबाट टाँचा हराएमा वा नोक्सान भएमा डिभिजन वन कार्यालय समक्ष सोको तत्काल जानकारी दिई पुरानो टाँचा रद्द गराई नयाँ टाँचा दर्ता गराउनु पर्नेछ ।

(५) डिभिजन वन कार्यालयले उपनियम (४) बमोजिम रद्द गरेको पुरानो टाँचा र दर्ता गरेको नयाँ

टाँचाको जानकारी सबै निर्देशनालय, सबै डिभिजन वन कार्यालय र विभाग समेतलाई दिनुपर्नेछ।

७३. **सामुदायिक वनको वनपैदावार ओसारपसारः** (१) सामुदायिक वनको काठ उपभोक्ता समूहभन्दा बाहिर ओसारपसार गर्दा डिभिजन वन कार्यालयको सहमति लिई डिभिजन वन कार्यालय र उपभोक्ता समूहको टाँचा लगाई अध्यक्षले अनुसूची-२२ बमोजिम ओसारपसार अनुमतिपत्र दिनु पर्नेछ।

(२) सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम प्राप्त हुने काठ दाउरा बाहेकका वनपैदावार उपभोक्ता समूह भन्दा बाहिर ओसारपसार गर्दा डिभिजन वन कार्यालयको सहमति लिई उपभोक्ता समूहको अध्यक्षले अनुसूची-२२ बमोजिम ओसारपसार अनुमतिपत्र दिनु पर्नेछ ।

(३) उपभोक्ता समूहले समूहबाहिर वनपैदावार बिक्रीवितरण गर्दा अनुसूची-२३ को ढाँचामा रसिद काटी चलानी पुर्जि दिनुपर्नेछ।

(४) उपभोक्ता समूहले बिक्रीवितरण गरेको वनपैदावारको लगत तथा आम्दानी खर्चको हिसाब दुरुस्त राख्नु पर्नेछ।

७४. **सामुदायिक वनमा आधारित वन उद्यमः** (१) उपभोक्ता समूहका सदस्यले एकल वा सामुहिक रुपमा वनसम्बन्धी लघु उद्यम सञ्चालन गर्न सक्नेछन् ।

(२) सामुदायिक वन उपभोक्ता समूहले वन क्षेत्र बाहिर प्रचलित कानुन बमोजिम डिभिजन वन कार्यालयबाट स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेको वन

पैदावारमा आधारित उद्यम सञ्चालन गर्न सक्नेछ। यस्तो उद्यम सञ्चालन गर्न समूहले व्यावसायिक कार्ययोजना तयार गरी डिभिजनल वन अधिकृतबाट सहमति लिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम वन उद्यम सञ्चालन गर्न चाहने वन उपभोक्ता समूहले सामुदायिक वन र निजी वनबाट उपलब्ध हुनसक्ने वनपैदावारको उत्पादनको सम्भाव्य परिमाणको साथै वन उद्यम सम्बन्धी क्रियाकलापको विवरण व्यावसायिक योजनामा समावेश गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम दुई वा दुईभन्दा बढी उपभोक्ता समूहले संयुक्त रुपमा वन उद्यम सञ्चालन गर्न चाहेमा सम्बन्धित सामुदायिक वनहरुबाट वन उद्यमका लागि उपलब्ध हुन सक्ने वनपैदावारको संयुक्त विवरण, उपभोक्ता समूहहरु बीच लागत र लाभको बाँडफाँटको खाका सहित व्यावसायिक योजना तयार गरी डिभिजनल वन अधिकृतबाट सहमति लिनु पर्नेछ।

(५) प्रचलित कानुन बमोजिम स्थानीय तह, सहकारी संस्था वा निजी क्षेत्रसँगको साझेदारीमा वन उद्यम सञ्चालन गर्न चाहने उपभोक्ता समूहले स्वीकृत व्यावसायिक योजना र सम्बन्धित साझेदारसँगको सम्झौताका आधारमा वन उद्यम सञ्चालनमा सहभागी हुन सक्नेछन् ।

(६) उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम सामुदायिक वनमा मुख्य प्रजातिको छत्र घनत्व (क्राउन कभर) नघट्ने, पुनरोत्पादनमा ह्रास नआउने र संवेदनशील वनक्षेत्र तथा जैविक विविधता संरक्षण हुने गरी गरिवी

न्यूनीकरण र वन उद्यम विकासका लागि जडीबुटी तथा गैरकाष्ठ वनपैदावार खेती प्रणाली अवलम्बन गर्न सक्नेछन्।

(७) सामुदायिक वन उपभोक्ता समूहले वन्यजन्तु सम्बन्धी प्रचलित कानुनमा व्यवस्था भए बमोजिम वन्यजन्तु पालन गर्न सक्ने छन्।

७५. **सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) उपभोक्ता समूहले प्रचलित कानुन बमोजिम वन क्षेत्रमा पर्यापर्यटन सञ्चालन सम्बन्धी कार्यविधिको आधारमा स्वीकृत कार्ययोजनामा समावेश गरी सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम पर्यापर्यटन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा डिभिजन वन कार्यालयबाट अनुमति लिनु पर्नेछ।

(३) उपभोक्ता समूहले उपनियम (१) बमोजिम स्थानीय तह, संघ संस्था वा निजी क्षेत्र वा सहकारी संघ संस्थासँगको साझेदारीमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्ने भएमा सामुदायिक वनको कार्ययोजनासँग तालमेल हुने गरी अलग्गै पर्यापर्यटन व्यवस्थापन योजना तर्जुमा गरी सम्बन्धित डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(४) सामुदायिक वनमा वन्यजन्तु पालन बाहेकका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा सामुदायिक वनको विद्यमान हैसियत तथा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने सुनिश्चितता गरी कुल वनक्षेत्रको वढीमा पाँच प्रतिशत वा पाँच हेक्टर जुन घटी हुन्छ सोही परिमाणमा नवढ्ने गरी

आवश्यक पर्यापर्यटन सम्बन्धि क्रियाकलापको लागि प्रयोग गर्न पाइनेछ ।

तर पर्यापर्यटनका लागि कुनै पनि भौतिक संरचना निर्माण गर्दा आधा हेक्टर भन्दा बढी क्षेत्रफलमा बनाउन पाईने छैन ।

(५) सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि उपभोक्ता समूहले प्रचलित कानुन बमोजिम विभिन्न निकाय, स्थानीय तह र संघ संस्थाबाट सहयोग लिन सक्नेछन् ।

(६) उपनियम (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षित वन्यजन्तुको प्रजननस्थल, वासस्थान, जैविकमार्ग, भूक्षय जोखिम क्षेत्र लगायत वन व्यवस्थापन कार्ययोजनाले संवेदनशील भनी किटान गरेका क्षेत्रमा पर्यापर्यटन सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्न पाईने छैन ।

(७) सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा ऐन र यस नियमावलीले निषेध गरेका कार्यहरु गर्न पाइने छैन ।

७६. <u>गरिबीको रेखामुनिका उपभोक्तालाई सामुदायिक वनको केही भाग उपलब्ध गराउन सक्ने व्यवस्थाः</u> (१) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आयआर्जनको लागि सामुदायिक वनको केही भाग उपभोक्ता समूह भित्रका गरिवीको रेखामुनि रहेका उपभोक्ताहरुलाई उपलब्ध गराउने भएमा सो विषयमा स्वीकृत कार्ययोजनामा व्यवस्था गर्नु पर्नेछ ।

(२) उपनियम (१) को प्रयोजनका लागि नेपाल सरकारको सम्बन्धित निकायले प्रदान गरेको गरीब परिवार सम्बन्धी परिचयपत्रलाई आधार मान्नु पर्नेछ । परिचयपत्र नभएको अवस्थामा गरिबीको रेखामुनिका उपभोक्ता पहिचान गर्न त्यस्ता उपभोक्ताको स्वामित्वमा रहेको जमिन, पशुपंक्षी, आफ्नो जमिनमा भएको उत्पादनबाट परिवारलाई खान पुग्ने अवधि, आर्थिक तथा सामाजिक अवसरमाथिको पहुँच, रोजगारी र आय आर्जनको अवस्था आदिका आधारमा सम्पन्नता स्तरीकरण गर्नु पर्नेछ ।

(३) गरिबीको रेखामुनिका उपभोक्तालाई आय आर्जनका लागि सामुदायिक वन क्षेत्र उपलब्ध गराउँदा त्यस्ता उपभोक्ता मध्ये अति विपन्न, एकल महिला सीमान्तकृत र भूमिहीन दलित परिवारलाई प्राथमिकता दिनुपर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम पहिचान भएका उपभोक्ता घरधुरीले एकल रुपमा वा सामुहिक रुपमा सामुदायिक वनमा आधारित आय आर्जनका लागि सामुदायिक वनको कुनै भाग माग गरेमा उपभोक्ता समूहले सो विषयमा छानवीन गरी माग गरिएको वनक्षेत्र आय आर्जनका कार्यक्रमका लागि प्रदान गर्न उपयुक्त देखिएमा उपभोक्ता समूह र गरिबीको रेखामुनि रहेका उपभोक्ता बीच अनुसूची-३१ बमोजिमको सम्झौता गरी उक्त वनक्षेत्र सामुदायिक वनको कार्ययोजनाको बाँकी अवधि सम्मका लागि उपलब्ध गराउन सकिनेछ ।

तर उपनियम (१) बमोजिम कार्ययोजनाको अवधि समाप्त भए पनि गरिबीको रेखामुनिका उपभोक्ता र

सामुदायिक वन उपभोक्ता समूहसँग भएको सम्झौता अनुरुपको कार्य गर्न कुनै बाधा पर्ने छैन ।

(५) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा व्यवस्था गरी गरिवीको रेखामुनि रहेका वा प्राकृतिक विपदमा परेका उपभोक्ताहरुलाई सहुलियत दरमा वा निःशुल्क वनपैदावार उपलब्ध गराउन र अन्य सुविधाहरु प्रदान गर्न सक्नेछ।

७७. **<u>सामुदायिक वनको कार्ययोजना कार्यान्वयन</u>**ः (१) सामुदायिक वनको स्वीकृत वन कार्ययोजना अनुसार वन व्यवस्थापन गरी वनपैदावार सङ्कलन तथा उपयोग गर्न वन कार्ययोजना कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा स्वीकृत कार्ययोजना अनुसार वन संवर्द्धन नगरेमा वनपैदावार सङ्कलन तथा उपयोग गर्न पाइने छैन ।

(३) उपनियम (२) वन कार्ययोजनाको कार्यान्वयन लगात तीन वर्ष सम्म नगरेमा पुनः नयाँ वन कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

७८. **<u>सामुदायिक वनमा गर्न नहुने काम</u>** (१) सामुदायिक वनभित्र स्वीकृत कार्ययोजनाले निषेध गरेका कार्यहरु लगायत निम्न बमोजिमका कार्यहरु गर्नु गराउनु हुदैन।

(क) वन मास्न, सामुदायिक वनले चर्चेको जग्गा धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हस्तान्तरण गर्न,

(ख) खोरिया फडानी गर्न,

(ग) घर छाप्रो बनाउन,

(घ) भू-क्षय हुने कुनै काम गर्न,

(ङ) प्रचलित कानुन विपरीत वन्यजन्तु पक्रन वा मार्न,

(च) चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा आदि निकाल्न वा ओसारपसार गर्न।

(२) उपनियम (१) मा जुनसुकै कुराहरु लेखिएको भए तापनि स्वीकृत कार्ययोजनाको अधीनमा रही वनपैदावार सङ्कलन गरी घाटगद्दीका लागि आवश्यक पर्ने जग्गामा घाटगद्दी निर्माण र संरक्षणका लागि घेरबार गर्न, समूहको कार्यालय सञ्चालनको लागि तोकिएको स्थानमा कार्यालय भवन निर्माण गर्न, वन संरक्षणका लागि टहरा वा छाप्रो वा मचान बनाउन सकिनेछ।

(३) सामुदायिक वन उपभोक्ता समूहले आफूलाई हस्तान्तरण गरेको सामुदायिक वनभित्र कुनै पनि प्रकारको अतिक्रमण हुन नदिने व्यवस्था मिलाउनु पर्नेछ र भएको अतिक्रमण डिभिजन वन कार्यालयको समन्वयमा हटाउनु पर्नेछ।

## परिच्छेद–९
## कबुलियती वन

७९. **<u>कबुलियती वन दिन सकिने</u>** (१) डिभिजनल वन अधिकृतले रणनीतिक तथा आवधिक योजनाको अधीनमा रही ऐनको दफा ६० को उपदफा (१) बमोजिमको कबुलियती वन उपलब्ध गराउन सकिने वन क्षेत्रको विवरण बार्षिक रुपमा अद्यावधिक गरी निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरणमा देहायको विषय उल्लेख भएको हुनुपर्नेछ।

(क) झाडी बुट्यान भएको वन क्षेत्र,

(ख) बीस प्रतिशत भन्दा कम छत्र घनत्व भएको वन क्षेत्र,

(ग) अतिक्रमण भई फिर्ता लिएको क्षेत्र वा अतिक्रमण हुन सक्ने वन क्षेत्र,

(घ) प्राकृतिक प्रकोपका कारण वन क्षति भई पुनर्स्थापना वा पुनः उकास भएको वन क्षेत्र,

(ङ) भू–संरक्षणको हिसाबले सम्बेदनशील तथा संरक्षण गर्नु पर्ने वन क्षेत्र,

(च) ऐनको दफा २१ अनुसारको राष्ट्रिय वन व्यवस्थापन योजनाले तोकेको वन क्षेत्र ।

(३) निर्देशनालयले उपनियम (१) बमोजिमको प्राप्त विवरणको आधारमा आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गरी कबुलियती वनको रुपमा प्रदान गर्न उपयुक्त लागेमा प्रत्येक वर्षको असोज मसान्त भित्र राष्ट्रियस्तरको दैनिक पत्रिकामा तीस दिने सूचना प्रकाशित गरी शिलवन्दी प्रस्ताव आह्वान गर्नु पर्नेछ। यस्तो प्रस्तावको सूचना संघीय विषयगत मन्त्रालय र विभाग, मन्त्रालय र सम्बन्धित डिभिजन वन कार्यालयको वेभसाइटमा राख्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम आह्वान गरेको प्रस्तावमा सहभागी हुन चाहने इच्छुक सङ्गठित संस्थाले अनुसूची-३२ मा उल्लेखित विषयहरु समावेश गरी प्राविधिक, आर्थिक तथा व्यवसायिक प्रस्ताव तयार गरी निर्देशनालयमा प्रस्ताव पेश गर्नु पर्नेछ। एउटा मात्र प्रस्ताव पेश भएमा पुनः पन्ध्र दिने सूचना प्रकाशन गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको न्युनतम तीनवटा प्रस्ताव प्राप्त हुन आएमा निर्देशनालयले स्थलगत अनुगमनको लागि प्राविधिक टोली खटाउनु पर्नेछ। उक्त टोलीले प्रस्तावमा उल्लेखित विवरणलाई स्थलगत वस्तुस्थितिसँग भिडाइ र आवश्यक जाँचबुझ गरी उपयुक्तताको आधारमा कबुलियती वनको रुपमा प्रदान गर्न मन्त्रालयलाई सिफारिस गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको टोलीले कबुलियती वन प्रदान गर्न उपयुक्त छ भनी सिफारिस गरेमा देहाय बमोजिमको मूल्याङ्कन समितिले अनुसूची-३३ को आधारमा प्रस्तावको प्राविधिक र आर्थिक मूल्याङ्कन गर्नु पर्नेछ ।

(क) प्रदेश वन निर्देशक -अध्यक्ष

(ख) वन तथा वातावरण मन्त्रालय (नेपाल सरकार)को प्राविधिक उप-सचिव -सदस्य

(ग) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, प्रदेश अर्थ मन्त्रालय-सदस्य

(ङ) प्रमुख/अधिकृत प्रतिनिधि, प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालय -सदस्य

(च) प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय- सदस्य

(छ) सम्बन्धित डिभिजनल वन अधिकृत -सदस्य

(ज) कानुन अधिकृत, मन्त्रालय -सदस्य

(झ) सम्बन्धित शाखा प्रमुख, निर्देशनालय -सदस्य-सचिव

(७) उपनियम (६) बमोजिमको मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार कुनै विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(८) उपनियम (६) बमोजिमको मूल्याङ्कन समितिले देहायको आधारमा प्रस्ताव मूल्याङ्कन गर्नु पर्नेछ :

(क) आर्थिक प्रस्तावमा सकार रकम,

(ख) वन, वातावरण तथा जैविक विविधताको संरक्षणमा योगदान

(ग) भू-क्षय तथा प्राकृतिक प्रकोप नियन्त्रणमा योगदान

(घ) वनक्षेत्रको वरपर रहने बासिन्दाहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारीको सम्भावना,

(ङ) स्थानीय क्षेत्रमा औद्योगिक र व्यावसायिक क्रियाकलाप अभिवृद्धि हुने अन्य आयमूलक कार्यक्रम ।

(९) एउटै वनक्षेत्र एक भन्दा बढी सङ्गठित संस्थाबाट कबुलियती वन प्राप्त गर्न निवेदन परेमा वृक्षारोपण गरी वनपैदावार उत्पादन गर्ने वनपैदावारमा आधारित उद्योग सञ्चालन गर्न चाहने सङ्गठित सस्थालाई प्राथमिकता दिनु पर्नेछ।

(१०) उपनियम (६) बमोजिम मूल्याङ्कन गर्दा सबैभन्दा उपयुक्त ठहर भएको प्रस्ताव पेश गर्ने प्रस्तावकलाई कबुलियती वन प्रदान गर्नका लागि मूल्यांकन समितिको निर्णय समावेश गरी निर्देशनालयले राय सहित मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(११) मन्त्रालयले निर्देशनालयबाट प्राप्त रायको आधारमा कबुलियती वन प्रदान गर्न संघीय विषयगत मन्त्रालय मार्फत नेपाल सरकार समक्ष स्वीकृतिको लागि पेश गर्नेछ।

(१२) उपनियम ११ बमोजिम नेपाल सरकारबाट स्वीकृति भए पश्चात निर्देशनालयले प्रस्तावकलाई ऐन र यो नियमावलीको परिधी भित्र रही कबुलियती वनको विस्तृत कार्ययोजना तयार गर्न लगाउनु पर्नेछ।

(१३) निर्देशनालयले उपनियम १२ बमोजिमको कार्ययोजना स्वीकृत गरी शर्त तोकी अनुसूची-३४ को ढाँचामा कबुलियतनामा गराई बढीमा तीस वर्ष अवधिको लागि अनुसूची-३५ बमोजिम कबुलियती वनको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ। यस्तो प्रमाणपत्र बार्षिक रुपमा नविकरण गर्नु पर्नेछ।

(१४) निर्देशनालयले उपनियम (१३) बमोजिम शर्तहरु तोक्दा प्रस्तावकले देहाय बमोजिमका कामहरु गर्न नपाउने गरी निषेध गर्नु पर्नेछ ।

(क) मन्त्रालयको पूर्व स्वीकृति नलिई वनक्षेत्रभित्र बग्ने नदीनाला, खोलाको स्रोत थुनछेक गर्न वा फर्काउन,

(ख) वनस्पतिको विकासमा अवरोध पुऱ्याउन, जीवजन्तुको बासस्थानमा हानि नोक्सानी पुऱ्याउन, प्राकृतिक वा भौतिक स्वरुप विगार्न वा सीमसार क्षेत्रको पर्यावरणीय स्थितिमा प्रतिकूल असर पुऱ्याउन,

(ग) जलचर वा अन्य कुनै किसिमका जनावर पशुपन्छी वा जीवजन्तुलाई हानि नोक्सानी हुने गरी कुनै किसिमको विषादी प्रयोग गर्न,

(घ) ढुङ्गा, गिट्टी, बालुवा झिक्ने वा खानी सञ्चालन गर्ने, वरिपरिका स्थानीय बासिन्दाको सामाजिक तथा सांस्कृतिक रीतिरिवाजमा अवरोध पुग्ने कार्य गर्ने गराउने वा बाटोघाटो खोलानालाको निर्वाध उपयोग

जस्ता परम्परागत अधिकारको उपयोगमा व्यवधान उत्पन्न गर्न गराउन।

(१५) कबुलियती वनमा कार्ययोजना बमोजिमको बाटो सहितको पूर्वाधार निर्माण गर्दा कुल वनक्षेत्रको वढीमा दश प्रतिशत वा पाँच हेक्टर जुन घटी हुन्छ सोही क्षेत्रफलमा मात्र गर्नु पर्नेछ । तर यसरी कार्यायोजना बमोजिम निर्माण हुने बाटोमा कालोपत्र गर्न पाईने छैन।

(१६) कबुलियती वन लिने सङ्गठित संस्थाले सोही कबुलियती वन पुनः लिन चाहेमा त्यस्तो वनक्षेत्र बढीमा थप तीस वर्षसम्मको लागि पुनः प्रदान गर्न सकिनेछ ।

(१७) कबुलियती वन प्राप्त गर्ने संस्थाले सम्झौतामा उल्लेखित म्याद भित्र कार्ययोजना अनुसारको कार्य शुरु गर्न नसकेमा सोको मुनासिव कारण देखाई निवेदन दिएमा निर्देशनालयले कबुलियती वनको कार्य शुरु गर्ने म्याद बढीमा छ महिनाको लागि थप गर्न सक्नेछ र सो म्यादभित्र पनि कार्ययोजना बमोजिमको कार्य शुरु नगरेमा त्यस्तो कबुलियती वन लिने सङ्गठित संस्थासँग भएको सम्झौता स्वतः खारेज भई कबुलियती वन प्रदेश सरकारद्वारा व्यवस्थित वनको रुपमा कायम हुनेछ ।

८०. **<u>गरीबीको रेखा मूनिका लागि कबुलियती वन सुम्पने विशेष व्यवस्थाः</u>** (१) ऐनको दफा ६० को उपदफा (३) को प्रयोजनको लागि डिभिजनल वन अधिकृतले गरिबीको रेखामूनि रहेका जनतालाई कबुलियती वन समूह गठन गरी राष्ट्रिय वनको कुनै भाग कबुलियती वनको रुपमा सुम्पन सक्नेछ ।

(२) कबुलियती वन लिन चाहेमा समूहले सम्बन्धित डिभिजन वन कार्यालय समक्ष समूह गठन तथा कार्ययोजना तयार गर्न निवेदन दिनु पर्नेछ।

(३) कबुलयती वन लिन चाहने व्यक्तिको मानव विकास सूचाङ्क परिक्षण गरी गरिबीको रेखामुनि रहेको यकिन गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको निवेदन प्राप्त भएमा डिभिजनल वन अधिकृतले समूह गठन तथा कार्ययोजना तयार गर्न प्राविधिक कर्मचारी खटाउनु पर्नेछ।

(५) कबुलियती वन समूहमा कम्तीमा पाँच घरधुरी रहनेछ। समूहको घरधुरी पहिचान गर्दा डिभिजनल वन अधिकृतले स्थानीय तहको सम्बन्धित वडा कार्यालयको परामर्श लिन सक्नेछ।

(६) उपनियम (३) बमोजिमको खटिएको कर्मचारीले समूह गठन गरी समूहको सहभागितामा अनुसूची-३६ मा उल्लेखित विषयहरु समावेश गरी कार्ययोजना तयार गर्नु पर्नेछ।

(७) समूहको कार्ययोजना समूहको निर्णय सहित डिभिजन वन कार्यालयमा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ।

(८) डिभिजनल वन अधिकृतले समूह गठनको लगत राखी कबुलियती वन समूहको कार्ययोजना स्वीकृत गरी अनुसूची-३७ को ढाँचामा कवुलियतनामा गराई अनुसूची-३८ बमोजिमको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(९) डिभिजनल वन अधिकृतले कबुलियती वन समूह र समूहलाई उपलब्ध गराएको वन क्षेत्रको

जग्गाको लगत राख्नु पर्नेछ र यस्को वार्षिक विवरण निर्देशनालयमा पठाउनु पर्नेछ।

(१०) कबुलियती वन समूहले प्रचलित कानुनको अधीनमा रही स्वीकृत कार्ययोजना बमोजिम वन उद्यम र वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(११) यस नियम बमोजिम कबुलियती वन समूहलाई प्रदान गरीएको कबुलियती वनको हकमा रोयल्टी लाग्ने छैन।

(१२) उपनियम (४) बमोजिम हस्तान्तरण गरीएको कबुलियती वनमा रहेका वनपैदावारको संरक्षण र उपयोग स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिम हुनेछ।

(१३) कबुलियती वन समूह गठन तथा कार्ययोजना तयार गर्न र प्रभावकारी रुपमा कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तह तथा अन्तर्गतका वडाहरुले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ। अन्य संघ संस्थाले स्वीकृत कार्ययोजनाको अधीनमा रही डिभिजनल वन अधिकृतको सहमतिमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(१४) कबुलियती वन समूहले स्वेच्छाले कबुलियती वन फिर्ता गर्न चाहेमा डिभिजनल वन अधिकृतले कबुलियती वन फिर्ता लिइ प्रदेश सरकारद्वारा व्यवस्थित वनमा समावेश गर्नु पर्नेछ।

(१५) कबुलियती वनको घरधूरी सदस्य छुट्टी भिन्न भएमा एकाघरकै मानिने छ। कुनै सदस्यले समूह छोडी गएमा निजको सदस्यता स्वतः रद्द हुनेछ।

(१६) गरीवीको रेखामूनिका घरधुरीलाई प्रदान गरीएको कबुलियती वनको अवधि एक पटकमा दश वर्ष हुनेछ । उक्त अवधि समाप्त भएमा पटक-पटक गरी बढीमा बीस बर्ष सम्म थप गर्न सकिनेछ।

(१७) कबुलियती वनमा स्वीकृत कार्ययोजना विपरितको कार्य गरे गराएमा प्रचलित कानुन बमोजिम कार्बाही हुनेछ।

(१८) सङ्गठित संस्था वा गरीवीको रेखा मूनि रहेका जनताले एउटै वन क्षेत्र कबुलियती वनको रुपमा माग गरेमा गरीवीको रेखा मूनि रहेका जनताको समूहलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

(१९) कबुलियती वन समूहले कार्ययोजनाको विपरित कार्य गरी कबुलियती वन फिर्ता लिनु परेमा डिभिजनल वन अधिकृतले नियम ८७ बमोजिमको प्रकृया पुरा गरी कबुलियती वन फिर्ता लिन सक्नेछ।

(२०) कबुलियती वन समूहलाई कबुलियती वन प्रदान गर्दाका बखत रहेका रुखहरुको संरक्षण गरे वापत उल्लेखित रूख बिक्री गर्दा प्राप्त हुने आयको पचास प्रतिशत हिस्सा कबुलियती वन समूहलाई उपलब्ध गराउनु पर्नेछ।

८१. **कबुलियती वन समूहको टाँचाको दर्ता र प्रयोगः** (१) समूहले अनुसूची-२१ बमोजिमको ढाँचामा फलामे टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ता गर्नु पर्नेछ र वार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ।

(२) डिभिजन वन कार्यालयले दर्ता भएका टाँचाको विवरण तयार गरी उक्त विवरण निर्देशनालय र मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

(३) उपभोक्ता समूहले रुख छपान, ढुवानी तथा ओसारपसार र बिक्रीवितरण गर्दा उपनियम (१) बमोजिमको फलामे टाँचा लगाउनु पर्नेछ।

(४) समूहले आफनो समूहको टाँचाको सुरक्षा गर्नु पर्नेछ र कुनै कारणबाट टाँचा हराएमा वा नोक्सान भएमा डिभिजन वन कार्यालय समक्ष सोको तत्काल जानकारी दिई पुरानो टाँचा रद्द गराई नयाँ टाँचा दर्ता गराई प्रयोग गर्नु पर्नेछ।

(५) डिभिजन वन कार्यालयले उपनियम (४) बमोजिम रद्द गरेको पुरानो टाँचा र दर्ता गरेको नयाँ टाँचाको जानकारी मन्त्रालय, निर्देशनालय, सबै डिभिजन वन कार्यालय समेतलाई दिनु पर्नेछ।

८२. <u>**कबुलियती वनको राजस्वः**</u> (१) कबुलियती वनको राजस्व दर अनुसूची-३९ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको राजस्व मूल्यको अतिरिक्त कबुलियती वनले प्रदान गर्ने बस्तु वा सेवा बिक्री गरे वापत जारी गर्ने बिल बीजकको ५% रकम संरक्षण शुल्क प्रदेश सरकारलाई बुझाउनु पर्नेछ ।

(३) कबुलियती वन लिने सङ्गठित संस्थाले प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तसम्ममा सम्झौतामा उल्लेखित भए बमोजिमको वार्षिक रोयल्टी निर्देशनालयमा बुझाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको म्यादभित्र दस्तूर नबुझाउने सङ्गठित संस्थासँग भएको कबुलियती वनको सम्झौता निर्देशनालयले खारेज गर्न सक्नेछ।

तर त्यस्तो सङ्गठित संस्थाले रोयल्टी बुझाउन नसकेको मनासिव माफिकको कारण खुलाई मन्त्रालय समक्ष

सम्झौता खारेज भएको तीन महिनाभित्र पुनरावेदन गरेमा मन्त्रालयले उपनियम (२) बमोजिम जरिबाना सहित लाग्ने जम्मा दस्तूरमा शत प्रतिशत जरिबाना थप लिई सम्झौता कायम राख्न सक्नेछ ।

(५) उपनियम (३) बमोजिम कबुलियती वनको राजश्व उपलब्ध गराएपछि निर्देशनालयले त्यसको लगत राखी सोको जानकारी मन्त्रालय र डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(६) कबुलियती वनको कार्ययोजना संशोधन गर्नु परेमा सङ्गठित संस्थाले उक्त कार्ययोजना संशोधन गर्न निर्देशनालयमा निवेदन दिएमा निर्देशनालयले मन्त्रालयबाट सहमति लिई कार्ययोजना संशोधन गर्न सक्नेछ ।

८३. **<u>प्रमाणपत्रको प्रतिलिपि लिन सकिने:</u>** (१) कबुलियती वनको प्रमाणपत्र हराएमा, च्यातिएमा, नष्ट भएमा वा अरु कुनै प्रकारले काम नलाग्ने भई सोको प्रतिलिपि लिन परेमा प्रतिलिपि निर्देशनालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा निर्देशकले रु. पाँच हजार रुपैया दस्तुर लिई कबुलियती वनको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

८४. **<u>कबुलियती वनको संरक्षण:</u>** (१) कबुलियती वन प्रदान गर्दाका बखत त्यसमा रहेका रुखको स्वामित्व प्रदेश सरकारको हुनेछ र उक्त रुख विरुवा लगायत कबुलियती वनको संरक्षणको व्यवस्था कबुलियती वन लिने संस्थाले गर्नु पर्नेछ ।

(२) कबुलियती वन प्रदान गर्दाका बखत त्यसमा रहेका रुख विरुवाको सर्वेक्षण तथा मूल्याङ्कन गरी सो को

बढीमा बीस प्रतिशत सम्म रकम कबुलियती वन लिने संस्थाबाट धरौटी लिनु पर्नेछ ।

(३) कबुलियती वन लिने सङ्गठित संस्थाले कबुलियती वनको संरक्षणको लागि कुनै सहयोग माग गरेमा डिभिजन वन कार्यालयले उपयुक्त सहयोग प्रदान गर्नुका साथै अन्य निकाय समक्ष सहयोगका लागि सिफारिस गर्न सक्नेछ।

(४) कबुलियती वन प्रदान गर्दा रहेका रुख ढलेमा डिभिजन वन कार्यालयमा जानकारी गराउनु पर्नेछ । यसरी रुख ढलेको जानकारी प्राप्त भएमा डिभिजन वन कार्यालयले यस नियमावली बमोजिम सङ्कलन गर्नु पर्नेछ।

(५) कबुलियती वनमा रहेका रुखहरु कार्ययोजना कार्यान्वयन गर्दा वा अन्य कुनै कारणले हटाउनु पर्ने भएमा निर्देशनालयको निर्देशनमा डिभिजन वन कार्यालयले हटाउन सक्नेछ ।

८५. **<u>वनपैदावारको उत्पादन तथा उपभोग :</u>** (१) ऐनको दफा ६० को खण्ड (क) र (ख) को प्रयोजनको लागि प्रदान । गरिएको कबुलियती वनको वनपैदावार उपभोग वा बिक्रीवितरण गर्दा कार्ययोजनाले निर्दिष्ट गरेको परिमाण बमोजिमको वनपैदावार कार्ययोजनामा उल्लेखित शर्तहरूको अधीनमा रही उपभोग वा बिक्रीवितरण गर्न सकिनेछ।

(२) कबुलियती वन लिने सङ्गठित संस्थाले कबुलियती वनमा वृक्षारोपण गरेको वनपैदावारको प्रजाति र परिमाण खुलाई प्रत्येक वर्ष डिभिजन वन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) कबुलियती वनको वनपैदावार सङ्कलन, बिक्रीवितरण र ओसारपसार गर्दा डिभिजन वन कार्यालयको टाँचा प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ।

८६. <u>**कबुलियती वनमा गर्न नहुने कार्यहरुः**</u> (१) कबुलियती वनमा देहाय बमोजिमका कुनै कार्यहरु गर्न वा गराउन पाइने छैनः

(क) कबुलियती वनले चर्चेको जग्गा बिक्री गर्न, धितो राख्न वा कुनै किसिमले स्वामित्व वा हक हस्तान्तरण गर्न,

(ख) कबुलियती वनमा कार्ययोजना विपरित अतिक्रमण गर्न, घरछाप्रो बनाउन वा खेती गर्न,

(ग) कार्ययोजनाले गर्न हुने भनी तोके बाहेकका अन्य कार्य गर्न गराउन।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कबुलियती वनको कार्ययोजना अनुसार आफूले लगाई हुर्काएको वनपैदावार धितो बन्धक राखी वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न सकिनेछ।

८७. <u>**प्रमाण पत्र खारेज गरी कबुलियती वन फिर्ता लिन सकिनेः**</u> (१) कबुलियती वन लिने सङ्गठित संस्था वा समूहले सम्झौता बमोजिम कार्य सञ्चालन गर्न नसकेको, वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेको वा ऐन वा यस नियमावली बमोजिम पालना गर्नु पर्ने शर्तहरु पालन नगरेको भनी उजुरी परेमा वा अन्य कुनै स्रोतबाट कबुलियती वन लिने सङ्गठित संस्था वा समूहले निषेधित कार्य वा कार्ययोजना विपरित कार्य गरेको देखिएमा डिभिजन वन कार्यालयले प्राविधिक कर्मचारी खटाई कबुलियती वन लिने सङ्गठित संस्था वा

समूहको प्रतिनिधिको रोहबरमा स्थलगत निरीक्षण गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको स्थलगत निरिक्षण प्रतिवेदनबाट कबुलियती वन लिने सङ्गठित संस्था वा समूहले निषेधित कार्य गरेको देखिन आएमा डिभिजनल वन अधिकृतले सम्बन्धित कबुलियती वन लिने सङ्गठित संस्था वा समूहलाई बढीमा पैतिस दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सङ्गठित संस्था वा समूहले पेश गरेको सफाई सन्तोषजनक नभएमा त्यस्तो सफाई पेश भएको मितिले पैतिस दिनभित्र डिभिजनल वन अधिकृतले प्रमाण पत्र खारेज गरी कबुलियती वन फिर्ता लिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम डिभिजनल वन अधिकृतले कबुलियती वन फिर्ता लिएको जानकारी निर्देशनालय र मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

## परिच्छेद—१०
## धार्मिक वन

८८. **धार्मिक वन हस्तान्तरणः** (१) प्रचलित कानुन बमोजिम दर्ता भएका धार्मिक निकाय, समूह वा समुदायले परापूर्वकाल वा सनातनदेखि चलिआएको धार्मिक कार्यको लागि प्रयोग गरीरहेको वनको व्यवस्थापन गर्न चाहेमा ऐनको दफा ६२ मा उल्लेखित विषयका अतिरिक्त देहायका विवरण खुलाईएको कार्ययोजना सहित अनुसूची—४० बमोजिमको ढाँचामा डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(क) धार्मिक वनको नाम,

(ख) धार्मिक वनको संरक्षणको लागि अपनाइने व्यवस्थापन सम्बन्धी तरिका,

(ग) धार्मिक वनको वनपैदावार सङ्कलन गर्ने तरिका,

(घ) वृक्षारोपण र वन सम्वर्द्धन सम्बन्धी तरिका,

(ङ) धार्मिक वनको लागि आवश्यक पर्ने अन्य विवरण।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा डिभिजनल वन अधिकृतले निवेदन साथ पेश भएको कार्ययोजनामा आवश्यक जाँचबुझ गरी धार्मिक वन हस्तान्तरण गर्न उपयुक्त हुने देखेमा यस्तो कार्ययोजना स्वीकृत गरी अनुसूची—४१ बमोजिमको ढाँचामा प्रमाणपत्र दिई त्यस्तो वनक्षेत्रलाई धार्मिक वनको रुपमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई हस्तान्तरण गर्न सक्नेछ ।

८९. **धार्मिक वनको लगत राख्ने :** डिभिजनल वन अधिकृतले नियम ९७ को उपनियम (२) बमोजिम सुम्पिएको धार्मिक वनको लगत खडा गरी त्यसको एक-एक प्रति निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

९०. **कार्ययोजनाको कार्यान्वयन :** धार्मिक वनको रुपमा सुम्पिएको वन क्षेत्रमा धार्मिक निकाय, समूह वा समुदायले स्वीकृत कार्ययोजना बमोजिमको कार्य मात्र गर्नु पर्नेछ ।

९१. **भौतिक पूर्वाधारहरु निर्माण** : (१) धार्मिक निकाय, समूह वा समुदायले धार्मिक वनमा सनातन तथा परम्परा देखि चलि आएको धार्मिक तथा सांस्कृतिक महत्वका कार्यहरू सञ्चालन गर्नका लागि साविक देखि नै रहेका मठ, मन्दिर पुनःनिर्माण र मर्मत गर्न सकिने तथा शौचालय र पानी

टंकी निर्माण गर्न सक्नेछ । यस्ता पूर्वाधार निर्माण गर्दा डिभिजनल वन अधिकृतको स्वीकृति लिई धार्मिक वनको वनपैदावार प्रयोग गर्न सक्नेछ।

(२) धार्मिक वन भित्र स्वीकृत कार्ययोजनाले तोके बमोजिम उपनियम (१) बमोजिमका संरचना बाहेक अन्य भौतिक पूर्वाधारहरु निर्माण गर्न पाईने छैन।

९२. **वनपैदावार उपयोग सम्बन्धी :** (१) धार्मिक वनमा ऐनको दफा ६३ बमोजिमको विकास आयोजना निर्माण तथा सञ्चालनको क्रममा प्राप्त भएका वनपैदावार र हावाहुरी, बाढी पहिरोबाट ढलेका रुखबाट प्राप्त भएका वनपैदावार डिभिजनल वन अधिकृतले सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(२) धार्मिक वन भित्र रहेको जोखिमयुक्त रुख हटाउन अनुरोध भई आएमा डिभिजनल वन अधिकृतले हटाउन सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम संकलित वनपैदावारहरु डिभिजनल वन अधिकृतले जिल्ला वनपैदावार आपूर्ती समिति मार्फत बिक्रिवितरण वा नियम २४ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ।

९३. **धार्मिक वनमा गर्न नहुने कार्यहरु :** धार्मिक वनमा प्रचलित कानुन, यस नियमावली र स्वीकृत कार्ययोजनाले गर्न नहुने भनी उल्लेख गरेका कार्यहरुको अतिरिक्त देहाय बमोजिमका कार्यहरु गर्न गराउन हुँदैनः

(क) धार्मिक वनक्षेत्रको जग्गा निजी जग्गाको रुपमा दर्ता गर्न, भाडामा दिन, धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हक वा स्वामित्व हस्तान्तरण गर्ने कार्य गर्न,

(ख) धार्मिक वनको भू-उपयोग स्थायी रुपमा परिवर्तन गर्ने कार्य गर्न,

(ग) वन क्षेत्र मास्न र भू-क्षय तथा वातावरणीय विनाश हुने कुनै कार्य गर्न,

(घ) प्रचलित कानुन विपरित संरक्षित वन्यजन्तु पक्रन वा मार्न वा हानि नोक्सानी पुऱ्याउने कार्य गर्न,

(ङ) वन अतिक्रमण तथा वन अतिक्रमणलाई प्रोत्साहन हुने कुनै कार्य गर्न,

(च) ढुंगा, गिट्टी, वालुवा, चट्टान, माटो र अन्य खानी तथा खनिज पदार्थ निकाल्न वा ओसारपसार गर्ने कार्य गर्न।

१४. **<u>धार्मिक वनको अनुगमन</u>** : (१) धार्मिक वनमा कार्ययोजना बमोजिम काम भए नभएको अनुगमन डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीले गर्नेछ।

(२) उपनियम (१) बमोजिमको अनुगमनको प्रतिवेदन निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद—११

## निजी वन तथा निजी रुख सम्बन्धी व्यवस्था

**९५. <u>निजी वन दर्ता</u>** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले त्यस्तो निजी वन दर्ता गराउन चाहेको जग्गाको आफ्नो हक भोगको देहाय अनुसारको निस्सा प्रमाण संलग्न राखी अनुसूची-४२ बमोजिमको ढाँचामा सब-डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(क) सम्बन्धित जग्गाको आफ्नो हक भोग र स्वामित्व रहेको आधार सहितको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि

(ख) संस्थाको हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि, संस्थाको नवीकरण खुल्ने कागजात र संस्थाको भ्याट वा प्यान सम्बन्धी कागजात,

(ग) सम्बन्धित आर्थिक वर्षमा सो जग्गाको मालपोत तिरेको रसिदको प्रतिलिपि,

(घ) नापी कार्यालयले प्रमाणित गरेको नक्शा र फिल्डबुकको प्रतिलिपि,

(ङ) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन र संलग्न कागजात उपर सब-डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयले आवश्यक जाँचवुझ गरी त्यस्तो निजी वन दर्ता गर्न उपयुक्त हुने देखिएमा आफ्नो सिफारिस सहित निजी वन दर्ताको लागि सम्बन्धित स्थानीय तहमा लेखि पठाउनु पर्नेछ। यसरी जाँचबुझ गर्दा सब-डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयले

आवश्यकता अनुसार नापी कार्यालयको सहयोग लिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम पेश हुन आएको प्रतिवेदन सहितको सिफारिस पत्रको आधारमा स्थानीय तहले त्यस्तो निजी वन दर्ता गरी अनुसूची–४३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिई सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

(४) स्थानीय तहले उपनियम (३) बमोजिम दर्ता भएको निजी वनको अद्यावधिक लगत राख्नु पर्नेछ।

(५) डिभिजनल वन अधिकृतले निजी जग्गामा वृक्षारोपण गर्न तथा निजी वनको व्यवस्थापन गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(६) उपनियम (३) बमोजिम दर्ता भएको निजी वनको जग्गाधनीले आफ्नो हक भोगको जग्गामा नयाँ वृक्षारोपण गरेमा वनपैदावारको जात र सङ्ख्या खुलाई लिखित रुपमा सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयलाई जानकारी दिनु पर्नेछ।

९६. **<u>निजी जग्गामा कृषि वन र जडीबुटी खेती सम्बन्धी व्यवस्था</u>** : (१) निजी वनको धनीले निजी वनमा कृषि वन र जडीबुटी खेती गर्दा प्रचलित वातावरण सम्बन्धी कानुन र जडीबुटी खेती तथा प्रशोधन गर्न अन्य प्रचलित कानुनमा तोकिएको मापदण्डहरुको पालना गर्नु पर्नेछ।

(२) कृषि वन र जडीबुटी तथा गैरकाष्ठ वनपैदावार खेती गर्दा छिमेकी जग्गावालाको कृषि प्रणालीमा असर पार्ने कार्यहरु गर्न पाइने छैन।

(३) यस नियममा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि निजी जग्गामा लगाइएका सङ्कटापन्न

वनस्पतिको हकमा प्रचलित सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, नियम बमोजिम हुनेछ।

१७. **वनपैदावारको सङ्कलन तथा ओसारपसार** : (१) निजी वन वा निजी आवादीमा रहेको वनपैदावार सोहि स्थानीय तह भित्र घरायसी प्रयोजनको लागि प्रयोग गर्ने भएमा सो वनपैदावारको जात र परिमाण खोली सम्बन्धित सब डिभिजन वन कार्यालय र स्थानीय तहमा लिखित रुपमा सूचना दिई प्रयोग गर्न सक्नेछ।

(२) निजी वन वा निजी आवादीमा भएको वनपैदावार घरायसी प्रयोजनको लागि सङ्कलन गरी सम्बन्धित स्थानीय तह भित्र ओसारपसार गर्दा वनपैदावारको जात र परिमाण खोली सम्बन्धित सब डिभिजन वन कार्यालय र स्थानीय तहमा अभिलेख जनाई सोही विवरणका आधारमा ओसारपसार गर्न सक्नेछ।

तर एकै जिल्लाको एक स्थानीय तहबाट अर्को स्थानीय तहको क्षेत्रमा घरायसी प्रयोजनको ओसारपसार गर्नु परेमा सम्बन्धित स्थानीय तहको सिफारिसमा सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयबाट स्वीकृति लिई ओसारपसार गर्न सक्नेछ।

(३) निजी वन र निजी आवादीमा भएको वनपैदावार घरायसी प्रयोजनको लागि कुनै एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्नु परेमा सम्बन्धित स्थानीय तहको सिफारिसमा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिई बाटोमा पर्ने वन चेक पोष्टमा दरपिठ गराई निजी वनपैदावार ओसारपसार गर्न सक्नेछ।

(४) निजी वन र निजी आवादीमा रहेको वनपैदावार व्यवसायिक प्रयोजनको लागि ऐनको दफा ७४ को उपदफा (३) बमोजिम स्वीकृति लिई सम्बन्धित स्थानीय तहभित्र ओसारपसार गर्दा स्थानीय तहले त्यस्तो वनपैदावारमा पहिचान गर्न सकिने चिन्ह वा संकेत लगाई दिनु पर्नेछ ।

(५) व्यवसायिक प्रयोजनको लागि जिल्ला भित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वा एक जिल्लाबाट अर्को जिल्लामा वनपैदावार लैजान दर्ता भएको निजी वन तथा निजी आवादीमा रहेको वनपैदावारको धनीले सम्बन्धित स्थानीय तहको सिफारिसमा डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयमार्फत वनपैदावारको सङ्कलनको लागि निवेदन दिनु पर्नेछ।सो निवेदन उपर आवश्यक जाँचबुझ गरी डिभिजन वन कार्यालयले सङ्कलन तथा ओसारपसार गर्ने स्वीकृति दिन सक्नेछ। यसरी ओसारपसार गर्दा खरिदकर्ताले डिभिजन वन कार्यालयमा भएको टाँचा तथा सिल प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ।

(६) निजी वन र निजी आवादीमा रहेको ऐन, नियम तथा अन्य प्रचलित कानुनले प्रतिबन्ध लगाएका वनपैदावारको हकमा सङ्कलन, बिक्रीवितरण तथा ओसारपसार प्रतिबन्ध लगाएको कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

(७) यो नियमावली प्रारम्भ हुनु भन्दा अगावै निजी वन वा निजी जग्गामा रहेको रुखको कटानबाट प्राप्त काठ ओसारपसार गर्न सम्बन्धित स्थानीय तहको

सिफारिसमा डिभिजन वन कार्यालयले आवश्यक जाँचबुझ गरी निर्णय गरे बमोजिम ओसारपसार गर्नु पर्नेछ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी वन वा जग्गामा खेती गरिएका अनुसूची -४४ उल्लेखित काष्ठ, जडीबुटी तथा अन्य वनपैदावार अन्य कृषि उपज सरह सङ्कलन तथा बिक्रीवितरण गर्न सकिन्छ र ओसारपसार गर्नको लागि डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालय वा सम्बन्धित स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ ।

९८. **प्रमाणपत्रको नक्कल दिन सकिने** : निजी वनको दर्ताको प्रमाणपत्र हराएमा, च्यातिएमा, नष्ट भएमा वा अन्य कुनै प्रकारले काम नलाग्ने भई सोको प्रतिलिपि लिन सम्बन्धित निजी वनको धनीले निवेदन दिएमा सम्बन्धित स्थानीय तहले प्रमाणपत्रको नक्कल दिनु पर्नेछ।

९९. **निजी वनको लगत कट्टा गर्ने** : (१) निजी वन धनीले नियम ९५ बमोजिम दर्ता भएको निजी वनको भू-उपयोग परिवर्तन गर्न चाहेमा सोको सूचना सम्बन्धित स्थानीय तहमा दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो निजी वनको लगत कट्टा गरी सम्बन्धित डिभिजन वन कार्यालयमा जानकारी गराउनु पर्नेछ।

१००. **निजी वनको धनीलाई सुविधा प्रदान गर्ने** : ऐन तथा यस नियमावलीको अधीनमा रही निजी वनको व्यवस्थापन गर्ने त्यस्तो निजी वनको धनीलाई प्रदेश सरकार र स्थानीय तहले देहाय बमोजिमको सुविधा उपलब्ध गराउन सक्नेछः

(क) वनको व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने प्राविधिक ज्ञान निःशुल्क उपलब्ध गराउने,

(ख) वृक्षारोपणको लागि आवश्यक बीउ बेर्ना निःशुल्क उपलब्ध गराउने,

(ग) अन्य आवश्यक सहयोग उपलब्ध गराउने ।

१०१. **<u>कृषि वन, जडीबुटी खेती तथा वन्यजन्तु पालन</u>**: कृषि वन, जडीबुटी तथा वन्यजन्तु पालन गर्न चाहने व्यक्ति, संस्था, समूह वा समुदायले प्रचलित कानुनमा तोकिएको मापदण्डका अतिरिक्त देहायमा मापदण्ड समेतको पालना गर्नु पर्नेछ ।

(क) वन तथा वन्यजन्तुको संरक्षण, सम्बर्धन एवं प्रवर्द्धन हुने गरी गर्नु पर्ने,

(ख) वन क्षेत्र विनाश हुने गरी गर्न नहुने,

(ग) वनमा रहने रैथाने प्रजातिको संरक्षण गर्ने।

## परिच्छेद—१२

## सहरी तथा सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था

१०२. **<u>सहरी वनको निर्धारण :</u>** (१) स्थानीय तहले कुनै सहरी क्षेत्रमा पर्ने राष्ट्रिय वन बाहेकको सरकारी, सार्वजनिक वा संघ संस्थाको स्वामित्वमा रहेको खाली जग्गा, खुला चौर, पर्ति जग्गा, सडक किनार, नहर किनार, नदी तथा ताल तलैयाको किनार, सांस्कृतिक तथा धार्मिक क्षेत्र एवं खेल मैदान वरिपरि रहेको जग्गामा सहरी वन स्थापना, विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको जग्गामा स्थानीय तहले सहरी वनको विकास तथा व्यवस्थापनको लागि

स्वामित्व रहेको सम्बन्धित संघ संस्था तथा निकायको स्वीकृति लिई कार्ययोजना तयार गरी सहरी वन विकास गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सहरी वनको संरक्षण तथा हेरचाह गरिने काम जग्गाको स्वामित्व रहेको संघ संस्था वा निकायले गर्नेछ तथा आवश्यक सहयोग र समन्वयको भूमिका सम्बन्धित वडा कार्यालयको हुनेछ।

(४)उपनियम (१)को स्वामित्व बाहेकका सार्वजनिक जग्गाहरुको हकमा सम्बन्धित स्थानीय तहले सार्वजनिक जग्गामा रहेको वनको उपभोक्ता समूह गठन गरी सो उपभोक्ता समूह मार्फत वनको संरक्षण, सम्वर्द्धन तथा सदुपयोग गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम सोको जानकारी सम्बन्धित सब-डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

(६) सहरी वनमा उपनियम (२) बमोजिमको कार्ययोजनामा व्यवस्था गरी पर्यापर्यटनका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

(७) सहरी वनमा वृक्षारोपण गर्दा सौन्दर्यवर्द्धक प्रजातिका विरुवाहरु रोपण गर्न प्राथमिकता दिनु पर्नेछ।

१०३. **प्रतिस्पर्धात्मक रूपमा सहरी वन व्यवस्थापन गर्ने सम्बन्धी व्यवस्थाः** (१) नियम १०२ को उपनियम (१) बमोजिमको जग्गामा सहरी वनलाई प्रतिष्पर्धात्मक तथा व्यावसायिक रूपमा विकास, संरक्षण र व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहले इच्छुक संघ संस्था,

समुदाय, उपभोक्ता समूह वा निजी क्षेत्रलाई व्यवसायिक योजना सहित आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न आव्हान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको प्रस्ताव उपर छानबिन गरी उपयुक्त प्रस्ताव छनौट गर्नका लागि देहाय बमोजिमको समिति रहनेछ :

(क) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) सम्बन्धित डिभिजन वन कार्यालयको अधिकृत प्रतिनिधि — सदस्य

(ग) सम्बन्धित स्थानीय तहको आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(घ) सम्बन्धित स्थानीय तहको वन तथा वातावरण विषय हेर्ने शाखा प्रमुख — सदस्य- सचिव

(३) उपनियम (१) बमोजिम पेश भएका प्रस्ताव मध्ये छनौट भएको प्रस्तावकलाई सम्बन्धित स्थानीय तहले बढीमा दश वर्षका लागि सहरी वन व्यवस्थापन सम्झौता गरी सम्झौतामा उल्लेखित सार्वजनिक सडक किनारा तथा पार्क, बगैचा वा उद्यानमा रहेको वन संरक्षण र व्यवस्थापन कार्य सुम्पन सक्नेछ ।

(४) सहरी वन व्यवस्थापन गर्दा उपनियम (३) बमोजिको सम्झौता र व्यवस्थापन योजना विपरीत कार्य गरेमा स्थानीय तहले सम्झौता खारेज गरी कुनै हानि नोक्सानी भएमा विगो समेत असुल उपर गर्न सक्नेछ।

**१०४. <u>सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था:</u>** (१) स्थानीय तहले ऐनको दफा ७१ को उपदफा (१)

बमोजिम सार्वजनिक जग्गामा वनको विकास, संरक्षण र व्यवस्थापन गर्दा उपभोक्ता समूह मार्फत गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको उपभोक्ता समूह स्थानीय तहमा दर्ता हुनु पर्नेछ। समूहको वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयनको लागि डिभिजनल वन अधिकृतले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन पर्नेछ।

(३) उपनियम (२) बमोजिमको वन व्यवस्थापन कार्ययोजना स्थानीय तहले स्वीकृत गरी उपभोक्ता समूहसँग सम्झौता गरी सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न अनुसूची-४५ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(४) सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्दा स्वीकृत व्यवस्थापन कार्ययोजना बमोजिम प्राप्त हुने वनपैदावार सम्बन्धित उपभोक्ता समूहले स्थानीय तहसँगको सम्झौता बमोजिम मूल्य निर्धारण गरी बिक्रीवितरण गर्न सक्नेछ।

(५) सार्वजनिक जग्गामा रहेको वनपैदावार कटान गर्दा डिभिजन वन कार्यालयको सहमति लिनुपर्नेछ।

(६) सार्वजनिक जग्गामा भएको वनको वनपैदावार ओसारपसार गर्दा डिभिजन वन कार्यालयमा भएको टाँचा तथा सील प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ।

(७) सार्वजनिक जग्गामा रहेको वनपैदावार बिक्रीवितरणबाट प्राप्त रकम मध्ये कम्तीमा पच्चीस प्रतिशत रकम वन व्यवस्थापनमा खर्च गरी बाँकी रकम सम्बन्धित स्थानीय तह र उपभोक्ता समूहवीच भएको सम्झौता बमोजिम बाँडफाँट गर्नु पर्नेछ। यसरी बाँडफाँट

गर्दा उपभोक्ता समूहलाई कम्तीमा सतरी प्रतिशत वनपैदावार उपलब्ध गराउनु पर्नेछ ।

(८) उपनियम (१) बमोजिम व्यवस्थापन भएको वन क्षेत्र सम्बन्धित स्थानीय तहले सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न सिफारिस गरेमा डिभिजनल वन अधिकृतले उपभोक्ता समूह गठन गरी सामुदायिक वनको कार्ययोजना तयार गरी सामुदायिक वनको रुपमा मान्यता दिन सक्नेछ।

१०५. <u>सार्वजनिक जग्गाका रुख हटाउने सम्बन्धी अन्य व्यवस्थाः</u> (१) सार्वजनिक जग्गामा रहेका ऐनको दफा ६९ को उपदफा (४) बमोजिमका तथा अन्य रुखहरु विकास आयोजना सञ्चालनका लागि हटाउनु पर्ने भएमा त्यस्तो आयोजना सञ्चालन गर्ने कार्यालयले रुख वा जग्गाको व्यवस्थापन गरीरहेको निकायको विभागिय निर्णयको आधारमा नियम ३५ को उपनियम (१) बमोजिमको समितिबाट निर्णय गराई डिभिजनल वन अधिकृतले हटाउन अनुमति दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको वनपैदावार सम्बन्धित निकायले नियमानुसार लिलाम बिक्री गर्नेछ।

१०६. <u>कार्यालय परिसरका रुखहरु हटाउने सम्बन्धी व्यवस्थाः</u> जग्गाधनी प्रमाणपूर्जा भएका सरकारी कार्यालय, समिति, संस्थान तथा अन्य कार्यालयको कार्यालय परिसरभित्र रहेका रुखहरु हटाउनु पर्ने भएमा सम्बन्धित कार्यालय वा निकायको विभागीय निर्णयको आधारमा डिभिजनल वन अधिकृतले हटाउन स्वीकृति दिन सक्नेछ।

## परिच्छेद—१३
## वातावरणीय सेवा सम्बन्धी व्यवस्था

१०७. **<u>वातावरणीय सेवा सम्बन्धी व्यवस्था</u>**ः (१) दिगो वन व्यवस्थापन, जलाधार संरक्षण लगायत विभिन्न क्षेत्रबाट उपलब्ध हुने वातावरणीय सेवा उपयोग गरे वापत उपयोगकर्ताले वातावरणीय सेवा प्रवाह गर्नेलाई भुक्तानी दिनुपर्नेछ।

(२) डिभिजनल वन अधिकृतले विभिन्न वन व्यवस्थापन पद्धतिका कार्ययोजनाले समेटेको क्षेत्रमा जैविक विविधता, जलाधार र जलचक्र प्रणाली संरक्षण तथा व्यवस्थापन गरी वातावरणीय सेवा प्रवाह गर्नेले सेवाको उपयोग गर्ने व्यक्ति, समूह, सङ्गठित संस्था वा अन्य निकायहरुबाट वातावरणीय सेवा वापतको भुक्तानी पाउने व्यवस्था मिलाउन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको भुक्तानी रकम वातावरण सेवा प्रवाह गर्ने र उपयोग गर्ने बीचको आपसी समझदारीमा निर्धारण हुनेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त रकम मध्ये कम्तीमा पचास प्रतिशत रकम वातावरणीय सेवाको प्रवर्द्धन सम्बन्धी क्रियाकलापमा खर्च गर्नु पर्नेछ।

१०८. **<u>कार्बन सेवा सम्बन्धी व्यवस्था :</u>** प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापनबाट प्राप्त हुने कार्बन सेवा सम्बन्धी व्यवस्था प्रचलित संघीय कानुन बमोजिम हुनेछ।

## परिच्छेद—१४
## विविध

१०९. **<u>वातावरणीय सेवाको व्यवस्थापन :</u>** (१) ऐनको दफा ७८ को उपदफा (१) को खण्ड (ग) बमोजिम प्राप्त हुने

रकम र सोको व्यवस्थापन, उपयोग र बाँडफाँट देहाय बमोजिम हुनेछ ।

(क) प्रदेश सरकार  चालिस प्रतिशत,

(ख) सम्बन्धित स्थानीय तह दश प्रतिशत,

(ग) उत्पादक व्यक्ति, समूह, र अन्य संघ संस्था पचास प्रतिशत

(२) ऐनको दफा ७९ को उपदफा (२) मा उल्लेख भए बमोजिम वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने निजी वनको धनीले देहायको शर्त पूरा गरेको हुनु पर्नेछ।

(क) कार्बन सञ्चिति तथा कार्बन उत्सर्जन न्यूनीकरण गर्न योगदान पुऱ्याएको हुनुपर्ने,

(ख) जलवायु परिवर्तन अनुकूल कार्ययोजना सहित कार्यक्रम सञ्चालन गर्नु पर्ने,

(ग) प्राप्त लाभांश वन संरक्षण, संवर्द्धन तथा व्यवस्थापन सम्बन्धी कार्यमा लगानी गर्नु पर्ने ।

**११०.** <u>**वन विकास कोषको स्थापनाः**</u> (१) प्रदेश सरकारले ऐनको दफा ७९(१) बमोजिम वनको संरक्षण, संवर्द्धन र व्यवस्थापन एवं अन्य प्रवर्धनात्मक कार्यका लागि एक प्रदेश वन विकास कोषको स्थापना गर्न सक्नेछ र सो कोषको व्यवस्थापन प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम वन क्षेत्रको वनपैदावार बिक्री गरे वापत प्राप्त रकम मध्ये निम्न बमोजिमको रकम सम्बन्धित निकाय, संस्था वा समूहले कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राकृतिक प्रकोप र कृषि औजारको लागि प्रयोग हुने बाहेक सरकारी, सामुदायिक, साझेदारी र नम्वरी अवादीबाट लिलाम बिक्री

हुने वनपैदावार वनपैदावार (ढुंगा, गिट्टी र बालुवा बाहेक) को बिक्रीबाट देहाय बमोजिमको रकम वन विकास कोषमा जम्मा गर्नु पर्नेछ।

(क) साल, टिक, शिसौ र खयर काठबाट प्रति क्यू फुट रु ५।-

(ख) अन्य जातको काठबाट प्रति क्यू फुट रु ३।-

(ग) दाह संस्कार र प्राकृतिक प्रकोप बाहेक सालको दाउरा बिक्रीबाट प्रति चट्टा रु २००।-

(घ) दाह संस्कार र प्राकृतिक प्रकोप बाहेक अन्य जातको दाउरा बिक्रीबाट प्रति चट्टा रु १५०।-

(ङ) व्यापारिक प्रयोजनको लागि सालको दाउरा बिक्रीबाट प्रति चट्टा रु ५००।-

(च) व्यापारिक प्रयोजनको लागि साल बाहेक अन्य जातको दाउरा बिक्रीबाट प्रति चट्टा रु २००।-

(छ) अन्य वनपैदावारको हकमा बिक्री रकमको ३ प्रतिशत बराबर रकम ।

(४) उपनियम (३) बमोजिम जम्मा गर्नुपर्ने रकम कोषमा जम्मा भए वा नभएको विषयमा मन्त्रालयले अनुगमन गर्नेछ।

(५) उपनियम (४) बमोजिम अनुगमन गर्दा कसैले उपनियम (३) बमोजिम कोषमा जम्मा गर्नुपर्ने रकम जम्मा गरेको नदेखिएकोमा मन्त्रालयले त्यस्तो निकाय, संस्था वा समूहलाई अवधि तोकी सो रकम जम्मा गर्न आदेश दिनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम दिएको आदेशको पालना गर्नु सम्बन्धित निकाय, संस्था वा समूहको कर्तव्य हुनेछ।

(७) उपनियम (६) बमोजिम दिएको आदेश बमोजिमको अवधिमा समेत कोषमा रकम जम्मा नगरेमा त्यस्तो निकाय, संस्था वा समूहले सो रकममा दश प्रतिशत ब्याज थप गरी हुन आउने रकम कोषमा जम्मा गर्नु पर्नेछ र यसरी रकम जम्मा नगरे सम्म मन्त्रालयले त्यस्तो निकाय, संस्था वा समूहलाई ऐन तथा यस नियमावली बमोजिम प्रदान गरेको इजाजतपत्र वा सेवा सुविधा रोक्का गर्न सक्नेछ ।

**१११. <u>वन विकास कोषको सञ्चालक समिति :</u>** (१) कोषको सञ्चालनको लागि देहायको बमोजिमको सञ्चालक समिति रहनेछः

(क) मन्त्रालयको सचिव -संयोजक

(ख) प्रदेश वन निर्देशक - सदस्य

(ग) वन संरक्षणको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेका व्यक्ति मध्ये मन्त्रालयले तोकका कम्तीमा एकजना महिला सहित दुई जना- सदस्य

(घ) काष्ठ ब्यवसायि संघको प्रतिनिधी- सदस्य

(ङ) वनसँग सम्बन्धित उपभोक्ता महासंघ प्रतिनिधी -सदस्य

(च) मन्त्रालयको सचिवले तोकेको महाशाखा प्रमुख- सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (घ), (ङ) र (च) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्ता सदस्यको काम सन्तोषजनक नभएमा मन्त्रालयले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको समितिको सचिवालयको काम मन्त्रालयले गर्नेछ।

(५) उपनियम (१) बमोजिमको समितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**११२. <u>वन विकास कोषको सञ्चालन :</u>** (१) कोषलाई घुम्ति (रिभल्विङ्ग) कोषको रूपमा सञ्चालन गरिनेछ।

(२) ऐनको दफा ७९ को उपदफा (४) बमोजिम खोलिएको खाताको सञ्चालन सञ्चालक समितिले तोके बमोजिम हुनेछ।

(३) कोषको रकम सञ्चालक समितिको निर्णय बमोजिम ऐनको दफा ७९ को दफा (१) मा उल्लेखित विषय सम्बन्धी कार्यको लागि खर्च गरीनेछ।

**११३. <u>लेखा व्यवस्था :</u>** कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ।

**११४. <u>वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्नेः</u>** नियम १११(१) बमोजिमको सञ्चालक समितिले वर्षभरी गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिन भित्र सार्वजनिक गर्नु पर्नेछ।

**११५. <u>मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सम्बन्धी व्यवस्थाः</u>** (१) सामुदायिक वन उपभोक्ता समूह र साझेदारी वन उपभोक्ता समूहले आ-आफ्नो क्षेत्रमा हुने मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि वन व्यवस्थापनबाट प्राप्त गर्ने आयको निश्चित अंश छुट्याउनु पर्नेछ।

(२) निर्देशनालयले मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि विभिन्न भौगोलिक क्षेत्रमा गरेका प्रयास र उपलब्धिका साथै विद्यमान समस्या र अवलम्बन गर्नु पर्ने उपायहरु पहिचान गरी कार्ययोजना सहित प्रत्येक वर्ष मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

**११६. <u>उद्धारकेन्द्र सम्बन्धी व्यवस्था :</u>** समस्याग्रस्त, नरभक्षी, घाइते र टुहुरा वन्यजन्तु तथा पक्षीको उद्धारका लगि वन्यजन्तु सम्बन्धी प्रचलित कानुन बमोजिम उद्धार केन्द्रको स्थापना तथा सञ्चालन गर्न सकिनेछ।

**११७. <u>अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनः</u>** (१) मन्त्रालय, निर्देशनालय र डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र भएका वन संरक्षण, व्यवस्थापन, प्रशासन तथा विकास कार्यहरूको अनुगमनका सूचक निर्धारण गरी नियमित अनुगमन तथा अभिलेखको व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निर्धारित सूचकहरूको मापन गरी मन्त्रालयले निर्धारण गरेको विद्युतीय व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम निर्धारित सूचकको नियमित अनुगमन तथा प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालय र मन्त्रालयस्तरमा आवधिक समिक्षा गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम को प्रतिवेदन डिभिजनल वन अधिकृतले निर्देशक समक्ष, निर्देशकले मन्त्रालयको सचिव समक्ष पेश गर्नु पर्नेछ।

(५) मन्त्रालय र निर्देशनालयले आफ्नो क्षेत्राधिकार भित्रका नीति तथा कार्यक्रम कार्यान्वयनको आवधिक मूल्याङ्कन गराई सुधारको लागि पृष्ठपोषण लिनुपर्नेछ।

(६) विभिन्न वन व्यवस्थापन पद्धति अनुरुपको कार्ययोजना कार्यान्वयनको अवस्था उपनियम (१) मा समेत सम्बोधन गर्नु पर्नेछ।

११८. **<u>प्राथमिकता प्राप्त आयोजनाको सञ्चालन :</u>** (१) कुनै वन क्षेत्रभित्र राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्दा सोबाट स्थानीय व्यक्ति वा समुदायलाई कुनै हानी नोक्सानी हुन गएमा सो वापतको क्षतिपूर्तिको रकम सम्बन्धित आयोजना सञ्चालनकर्ताले नै व्यहोर्नु पर्नेछ।

(२) स्वीकृत प्राप्त आयोजनाले प्रयोग गर्ने वन क्षेत्रको वनपैदावार काट्दा, टुक्राउँदा तथा ढुवानी गर्दाको सम्पूर्ण खर्च योजना सञ्चालनकर्ताले नै व्यहोर्नु पर्नेछ।

११९. **<u>फिल्ड पोशाकः</u>** वन सेवाका कर्मचारीहरुलाई वार्षिक रुपमा फिल्ड पोशाक तोकिएको कार्यविधि बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

१२०. **<u>अधिकार प्रत्यायोजनः</u>** (१) मन्त्रालयले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार सम्बन्धित निकाय, आफू मातहतका निकाय वा अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) सम्बन्धित निकायले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार

केही अधिकार आफू मातहतको निकाय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर सम्बन्धित निकायले आफ्नो राय पठाउने कुराको हकमा अधिकार प्रत्यायोजन हुने छैन।

१२१. **<u>अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार यस नियमावलीको अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

१२२. **<u>बचाउः</u>** यस नियमावलीको प्रावधानहरु संघीय ऐन र नियमावलीको अधीनमा रहि बाझिएको हदसम्म अमान्य हुनेछ।

# अनुसूची–१

(नियम १८ को उपनियम (७), नियम २१ को उपनियम (४) र (१३), नियम २४ को उपनियम (२), नियम ३० को उपनियम (१), नियम ३१ को उपनियम (१), (२), (३) र (४), नियम ३४ को उपनियम (३) र (४), नियम ५४ को उपनियम (३), नियम ५६ को उपनियम (१) नियम ६३ को उपनियम (२), नियम ७० को उपनियम (७) र (८) सँग सम्बन्धित)

## काठ, दाउराको मूल्य दर

### क. गोलिया काठको मूल्य

| क्र.सं. | काठको प्रजाति | | स्तर (ग्रेड) | प्रति घनफिट मूल्य रु. |
|---|---|---|---|---|
| | नेपाली नाम | वैज्ञानिक नाम | | |
| १ | सतिसाल | *Dalbergia latifolia* | — | १६००।- |
| २ | साल | *Shorea robusta* | ए | १०००।- |
| | | | बी | ७००।- |
| | | | सी | ५००।- |
| | | | डी | २५०।- |
| ३ | जङ्गली सिसौ | *Dalbergia sissoo* | ए | १०००।- |
| | | | बी | ८००।- |
| | | | सी | ५००।- |
| | | | डी | ३००।- |

| | | | | |
|---|---|---|---|---|
| ४ | सिसौ (वृक्षारोपण) | *Dalbergia sissoo* | ए | ७००।- |
| | | | बी | ५००।- |
| ५ | ओखर | *Juglans regia* | - | ५०० |
| ६ | चाँप | *Magnolia species* | ए | ७००।- |
| | | | बी | ५००।- |
| | | | सी | ३००।- |
| ७ | सागवान | *Tectona grandis* | - | ८००।- |
| ८ | दार | *Debregeasia saeneb* | - | ५००।- |
| ९ | अस्ना | *Terminalia tomentosa* | ए | ४००।- |
| | | | बी | ३००।- |
| | | | सी | १००।- |
| १० | जामुन | *Syzygium* spp. | ए | ४००।- |
| | | | बी | ३००।- |
| | | | सी | १००।- |
| ११ | कर्मा | *Haldina cordifolia* | ए | ४००।- |
| | | | बी | ३००।- |
| | | | सी | १००।- |
| १२ | टुनी | *Toona ciliata* | ए | ४००।- |
| | | | बी | ३००।- |
| १३ | कालो वा | *Albizia* spp. | ए | ४००।- |

| | | | | |
|---|---|---|---|---|
| | रातो सिरिस | | बी | ३००।- |
| १४ | सेतो सिरिस | *Albizia* spp. | - | १००।- |
| १५ | गम्हारी | *Gmelina arborea* | ए | ३००।- |
| | | | बी | २००।- |
| १६ | उतिस | *Alnus nepalensis* | ए | ३००।- |
| | | | बी | २००।- |
| १७ | खोटे सल्ला | *Pinus roxburghii* | ए | ३५०।- |
| | | | बी | २५०।- |
| १८ | गोब्रे सल्ला | *Pinus wallichiana* | ए | ३००।- |
| | | | बी | २००।- |
| १९ | पाटे सल्ला | *Pinus patula* | ए | ३००।- |
| | | | बी | २००।- |
| २० | विजय साल | *Pterocarpus marsupium* | - | १०००।- |
| २१ | सन्दन/पाजन | *Desmodium oojeinense* | - | ३००।- |
| २२ | हर्रो | *Terminalia chebula* | - | २००।- |
| २३ | बर्रो | *Terminalia bellirica* | - | २००।- |
| २४ | फल्दु | *Mitragyna parvifolia* | - | २००।- |
| २५ | चिलाउने | *Schima wallichii* | - | २००।- |
| २६ | सौर | *Betula alnoides* | - | २००।- |
| २७ | देवदार | *Cedrus deodara* | - | २००।- |

| | | | | |
|---|---|---|---|---|
| २८ | सिमल | *Bombax ceiba* | - | १५०।- |
| २९ | ठिङ्ग्रे सल्ला | *Tsuga dumosa* | - | २००।- |
| ३० | भुडकुल | *Hymenodictyon orixense* | - | १००।- |
| ३१ | गुटेल | *Trewia nudiflora* | - | १००।- |
| ३२ | पपलर | *Populus* spp. | - | १००।- |
| ३३ | टिकुल | - | - | १००।- |
| ३४ | कटुस | *Castanopsis* spp. | - | २००।- |
| ३५ | मसला | *Eucalyptus* spp. | - | १७५।- |
| ३६ | आँप | *Mangifera indica* | - | २००।- |
| ३७ | अन्य सल्लो | *Larix* spp. | - | २००।- |
| ३८ | तालीसपत्र | *Abies pindrow / A. spectabilis* | - | २००।- |
| ३९ | स्प्रुस | *Picea* spp. | - | २००।- |
| ४० | बाँझी | *Anogeissus latifolius* | - | १००।- |
| ४१ | बोटधगेरो | *Lagerstroemia parviflora* | - | १००।- |
| ४२ | खयर (आयतन निकाल्दा लम्बाईलाई पनि अन्तिम इन्चसम्म नाप्ने) | *Acacia catechu* | - | १०००।- <br> ३३।- प्रति किलोग्राम |
| ४३ | श्रीखण्ड / | *Santalum* | - | ३०००।- |

| | | | | |
|---|---|---|---|---|
| | श्वेत चन्दन | *album* | | १००।- प्रति किलोग्राम |
| ४४ | अन्य (माथि उल्लेख भए देखि बाहेक) | - | - | १००।- |

## ख. जरा ठुटाको मूल्य

| क्र.सं. | प्रजाति | | मूल्य रु. |
|---|---|---|---|
| | नेपाली नाम | वैज्ञानिक नाम | |
| १ | खयर | *Acacia catechu* | ४०।-प्रति किलोग्राम |
| २ | साल | *Shorea robusta* | १५०।- प्रति ठुटा |
| ३ | अन्य | - | ५०।- प्रति ठुटा |

## ग. बल्लाबल्लीको मूल्य

| क्र.सं. | प्रजाति | | एकाइ | मूल्य रु. |
|---|---|---|---|---|
| | नेपाली नाम | वैज्ञानिक नाम | | |
| १ | साल | *Shorea robusta* | प्रति गोटा | ३००।- |

| | | | | |
|---|---|---|---|---|
| २ | जङ्गली सिसौ | *Dalbergia sissoo* | | ४००।- |
| ३ | अस्ना | *Terminalia tomentosa* | | १५०।- |
| ४ | कर्मा | Adina cordifolia | | १५०।- |
| ५ | जामुन | Syzygium spp. | | १५०।- |
| ६ | मसला | *Eucalyptus* spp. | | ५०।- |
| ७ | सागवान | *Tectona grandis* | | १००।- |
| ८ | कटुस | *Castanopsis* spp. | | २५।- |
| ९ | अन्य | - | | २५।- |

**घ. दाउराको मूल्य**

| क्र.सं. | प्रयोजन | प्रजाति | | मूल्य रु. |
|---|---|---|---|---|
| | | नेपाली नाम | वैज्ञानिक नाम | |
| १ | व्यापारिक | (क) साल | *Shorea robusta* | १२,०००।- प्रति चट्टा |
| | | | | १।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| | | (ख) सिसौ र टिक | *Dalbergia sissoo/ Tectona grandis* | १२,०००।- प्रति चट्टा |
| | | | | १।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| | | (ग) | - | ८,०००।- प्रति |

| | | | | |
|---|---|---|---|---|
| | | साल र अन्य प्रजाति मिश्रित | | चट्टा |
| | | | | १।०० प्रति किलोग्राम |
| | | (ग) अन्य | - | ४,०००।- प्रति चट्टा |
| | | | | ०।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| २ | शव धदाह संस्कार | (क) साल | *Shorea robusta* | २,०००।- प्रति चट्टा |
| | | | | ०।२५ प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| | | (ख) अन्य | - | १,०००।- प्रति चट्टा |
| | | | | ०।१५ प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| ३ | घरकाज | (क) साल | *Shorea robusta* | ५,०००।- प्रति चट्टा |
| | | | | ०।७५ प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| | | (ख) अन्य | - | २५००।- प्रति चट्टा |

| | | | | |
|---|---|---|---|---|
| | | | | ०।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |

**द्रष्टव्यः-**

(१) विपदमा परेका परिवारलाई दिइने काठमा माथि उल्लेखित रोयल्टी मूल्यको १० प्रतिशत मात्र मूल्य लिइनेछ ।

(२) खडा रुख र ठुटाबाट काठ दाउरा मूल्याङ्कन गर्दा स्तर निर्धारण भएको प्रजातिको काठको हकमा "बी" स्तरको मूल्य, स्तर निर्धारण नभएको प्रजातिको काठको हकमा माथि उल्लेख भए बमोजिमको मूल्य र दाउराको हकमा व्यापारिक प्रयोजनको लागि निर्धारित मूल्यको आधारमा मूल्याङ्कन गरिनेछ । तर "ए" र "बी" स्तर मात्र भएको प्रजातिको हकमा "ए" स्तरको मुल्यको आधारमा मूल्याङ्कन गरी बिगो कायम गरिनेछ । तर "ए" र "बी" स्तर मात्र भएको प्रजातिको हकमा "ए" स्तरको मूल्यको आधारमा मूल्याङ्कन गरी बिगो कायम गरिनेछ ।

(३) प्राकृतिक रुपमा आएको सिसौलाई जङ्गली सिसौ मानिनेछ र जङ्गली वा वृक्षारोपणको सिसौ नछुटिने अवस्था परेमा जङ्गली सिसौको लागि निर्धारित मूल्यको आधारमा मूल्याङ्कन गरी बिगो कायम गरिनेछ ।

## अनुसूची–२

(नियम १८ को उपनियम (७), नियम २७ को उपनियम (२), (३), (४) र (८), नियम ३१ को उपनियम (१) र (६), नियम ६३ को उपनियम (२) र नियम ७० को उपनियम (८) सँग सम्बन्धित)

### जडीबुटीको नाम र मूल्यदर

| क्र. सं. | नेपाली नाम | वैज्ञानिक नाम | किलोग्राम मूल्य (रु.) |
|---|---|---|---|
| **(क) जरा तथा गानो जाति** | | | |
| १ | अतिस | *Aconitum heterophylloides Aconitum heterophyllum/ Delphinium himalayai* | १५।- |
| २ | अनन्तमूल | *Hemidesmus indicus* | १०।- |
| ३ | अश्वगन्धा | *Withania somnifera* | २५।– |
| ४ | असारेफूल / धोविनी | *Mussaenda spp.* | ८।- |
| ५ | आरडिक्स | *Rdix tinosporae* | १०।- |
| ६ | इन्द्रेणी | *Citrullus colocynthis / Trichosanthes wallichiana* | १०।- |
| ७ | उन्यू | *Dryopteris cochleata Huperzia javanica* | १०।- |
| ८ | ऐंसेलु | *Rubus ellipticus* | १५– |
| ९ | कचुर | *Curcuma aromatica* | ५।- |
| १० | कपुरकचरी | *Hedychium spicatum* | २।- |

| | | | |
|---|---|---|---|
| ११ | काकोली / वन लसुन | *Fritillaria cirrhosa* | ५।- |
| १२ | कुकुरडाइनो | *Smilax spp.* | १०।- |
| १३ | कामराज, मयुरखुट्टे | *Helminthostachys zeylanica* | ६।- |
| १४ | कालो निगुरो | *Dryoathyrium boryanum* | २।- |
| १५ | कुकुरतरुल, वनतरुल, भ्याकुर | *Dioscorea spp.* | १५।- |
| १६ | कुचिला | *Strychnos nux-vomica* | ७।- |
| १७ | कुट्की | *Neopicrorhiza scrophulariiflora* | ४०।- |
| १८ | कुथ | *Saussurea costus* | ५।- |
| १९ | कुरिलो /सतावरी | *Asparagus spp.* | ५।- |
| २० | क्रेमास्तरा | *Cremastra appendiculata* | १०।- |
| २१ | खसखस /उशीर/भेटिभेर | *Chrysopogon zizanioides* | १०।- |
| २२ | खिरौले (मेदा) / खिरौला / सेतकचिनी | *Polygonatum spp.* | २५।– |
| २३ | गन्नाइनो | *Pleurospermum dentatum* | ३।– |
| २४ | गन्धाईनो | *Angelica glauca* | ५।– |
| २५ | गुजरगानो / निमी लहरा | *Stephania spp.* | ७।- |
| २६ | गुर्जो /गुडुची / गुड्की | *Tinospora sinensis, Tinospora cordifolia* | ५।- |
| २७ | गोकुलधुप | *Commiphora mukul* | ५।- |
| २८ | गोलकाँक्री | *Solena amplexicaulis* | ५।- |

| | | | |
|---|---|---|---|
| २९ | चुत्रो /दारुहल्दी | *Berberis spp.* | ८।- |
| ३० | जटामसी | *Nardostachys jatamansi* | ७५।- |
| ३१ | जमानेमान्द्रो | *Mahonia napaulensis* | ५।- |
| ३२ | जेठी मधु (यष्ठीमधु) | *Glycyrrhiza glabra* | १५।– |
| ३३ | जोरपाते बेली गानो | *Psammosilene tunicoides* | १५।– |
| ३४ | झुलो | *Gerbera macrophyla* | ५।- |
| ३५ | टुकीफूल | *Taraxacum* spp. | ५।- |
| ३६ | ठूलो/बुढो ओखती | *Astilbe rivularis* | ७।– |
| ३७ | डाइसोमा | *Dysosma versipellis* | १०।- |
| ३८ | नक्कली सतुवा | *Trillidium govanianum* | ४०।- |
| ३९ | नागरमोथे, मोथे | *Cyperus* spp. | ५।- |
| ४० | निरमसी /निरबिषी | *Delphinium denudatum/ Aconitum palmatum/ Aconitum orochryseum* | ६०।- |
| ४१ | नारु | *Silene spp.* | ५।– |
| ४२ | पदमचाल /अमलवेद | *Rheum austral, R. emodi* | १०।- |
| ४३ | पदमपुष्कर / निनाइजडि | *Iris decora* | ५।– |
| ४४ | पाखनवेद /पाषाणभेद | *Bergenia pacumbis/Bergenia ciliate* | ७।- |
| ४५ | पाचऔंले | *Dactylorhiza hatagirea* | ५००।- प्रति गोटा |
| ४६ | पिपला /पिपली | *Piper longum* | १०।- |

| | | | |
|---|---|---|---|
| ४७ | बज्रदन्ती | *Potentilla spp.* | ५।- |
| ४८ | वाटुलपाते | *Cissampelos pareira* | २।- |
| ४९ | बायजडि | *Hippolytia dolichophylla* | ५।– |
| ५० | बाँको /सर्पको मकै | *Arisaema spp.* | २।– |
| ५१ | बोझो | *Acorus calamus* | ५।- |
| ५२ | भूतकेश | *Selinum wallichianum* | ५।- |
| ५३ | ममिरा | *Parnassia nubicola* | ७०।- |
| ५४ | मुसली (कालो) | *Curculigo orchioides* | १०।- |
| ५५ | मुसली (सेतो) | *Chlorophytum* spp. | १०।- |
| ५६ | रास्गरी/भूइसरो | *Roscoea* spp. | ५।- |
| ५७ | लघुपत्र | *Podophyllum hexandrum* | ७।- |
| ५८ | वन प्याज | *Allium* spp. | १५।- |
| ५९ | वनमुला | *Dipsacus inermis* | १५।- |
| ६० | वनलसुन | *Allium wallichii* | ३०।- |
| ६१ | वनलसुन/खिरौंले | *Lilium nepalense* | ३०।- |
| ६२ | वन हलेदो | *Curcuma angustifolia* | ५।- |
| ६३ | विदारीकन्द | *Pueraria phaseoloides* | २।- |
| ६४ | विलौने | *Maesa chisia* | ५।- |
| ६५ | विष, विषमा | *Aconitum* spp. | १०।- |
| ६६ | विषफेज | *Polypodiodes amoena* | १०।- |

| | | | |
|---|---|---|---|
| ६७ | वेत लौरी | *Cheilocostus specious* | ५।- |
| ६८ | शटी /गाइसरो | *Hedychium spicatum* | ५।- |
| ६९ | सतुवा | *Paris polyphylla* | ५०।- |
| ७० | सर्पगन्धा / चाँदमरुवा | *Rauvolfia serpentina* | ५०।- |
| ७१ | सातगांठे | *Panax pseudo-ginseng* | ५०।- |
| ७२ | सिस्नु | *Urtica* spp. | २।- |
